मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

राज्यका नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्छः नैनकला थापा

समाचार पृष्ठ ७ मा



वर्ष ३ • अंक २३१ • २०८२ साल असार २० गते शुक्रबार • Friday 04, July 2025 • सूर्योदयः बिहान ५:१६ बजे • सूर्यास्तः साँझ ७:०३ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मेडिकल माफियाको सपनामा अदालतद्वारा ब्रेक



शत्रुधन प्रसाद सिंह
स्वास्थ्यमन्त्री



विशाल पण्डित
मेडिकल व्यवसायी



डा. सुनिल प्रसाद कुशवाहा
निर्देशक प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामका निर्देशक डा. सुनिल प्रसाद कुशवाहालाई नहटाउन अल्पकालीन आदेश जारी भएको छ । उनलाई असार १२ गते मधेश प्रदेश सरकारले हटाएको थियो । उनका ठाउँमा मधेशका स्वास्थ्यमन्त्री शत्रुधन प्रसाद सिंहलाई प्रभावमा पारेर केही मेडिकल माफियाले वरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिष्ट डा. राजीव कुमार झालाई आर्थिक तथा प्रशासनिक अधिकारसहित निमित्त निर्देशक बनाएको थियो । यसका विरुद्ध बिहीबार उच्च अदालत जनकपुर गएका कुशवाहका पक्षमा अदालतले बिहीबारै अल्पकालीन आदेश जारी गरेको हो । कुशबाहाका तर्फबाट अधिवक्ता दिपेन्द्र कुमार साहले बहस गरेका थिए भने न्यायाधीश राजुराम सिलवालको इजलाशले असार २७ गतेसम्मका लागि कुशवाहालाई हटाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन आदेश जारी गरेको हो । अल्पकालीलन आदेशमा मधेश प्रदेश सरकारका मुख्य न्यायाधीवक्ताको कार्यालयमार्फत विपक्षी बनाइएका पाँच प्रतिवादीको १५ दिनमा लिखित जवाफ माग भएको छ भने असार २७ गते दुवै पक्षलाई अदालतमा बोलाइएको छ । त्यसपछि आदेश निरन्तरता रहने या नरहने भनेर अल्पकालनी आदेश दिइएको छ ।

यो सँगै असार मसान्तमा चेक काटेर आफ्नालाई पोस्ने स्वास्थ्य मन्त्री सिंह र आफूले चाहेअनुसार प्रदेश सरकारको स्वास्थ्यको बजेट लुट्ने मेडिकल माफियाको सपना चकनाचुर भएको छ । चेक काटिने मिति असार २२ गतेसम्म हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामका निर्देशक कुशवाहालाई हटाएर वरिष्ठ कन्सल्टेन्ट मेडिकल जनरलिष्ट झालाई आर्थिक तथा प्रशासनिक अधिकार दिएर स्वार्थ पूरा गर्न खोजेपछि कुशवाहा अदालत पुगेका हुन् । मेडिकल माफियाले मधेशको स्वास्थ्यमा कतिसम्म चलखेल गर्न सक्छ भन्ने यो घटनाले देखिएको छ ।

मधेशको स्वास्थ्य क्षेत्रमा गहिरो जरा गाडेर बसेको, अख्तियारमा कैयौँ मुद्दा खेपिरहेका 'मेडिकल माफिया' विशाल पण्डित र प्रदेशका वर्तमान स्वास्थ्य मन्त्री शत्रुधन प्रसाद सिंहको मिलेमतोमै यस्तो भएपछि कुशवाहा अदालत गएका हुन् । पण्डितले करिब २२ करोड रुपैयाँ बराबरको औषधी र सामग्रीको ठेक्का पार्न चलखेल गरिरहेका थिए । प्रक्रिया अपारदर्शी रहेको भन्दै निर्देशक डा. कुशवाहाले सबै प्रस्ताव अस्वीकार गरेर टेण्डर रद्द गरेपछि असारे झरीमा उनलाई लखेट्न मन्त्री सिंह पनि तयार भएका थिए । डा. कुशवाहा प्रदेशमा एघारौँ तहका अधिकृत हुन् । पण्डित विगत सात वर्षदेखि मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा ठेक्का, उपकरण आपूर्ति, निर्माण लगायतका काममा निर्णायक प्रभाव राख्दै आएका व्यक्ति हुन् । उनको संलग्नतामा भएका चार ठेक्का प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा दर्ता भएको छ ।

तीमध्ये एक प्रकरणमा प्रादेशिक स्वास्थ्य प्रयोगशालाका तत्कालीन निर्देशक श्रवण मिश्रसहित १९ जना कर्मचारी निलम्बनमा परेका छन् । पण्डित राजनीतिक संरक्षणका कारण मधेशमा केही मधेशी अनुहारलाई टिप्स र कमिसन दिएर मधेशका जनताको स्वास्थ्यको बजेट आफ्नो कब्जामाम पार्दै आएका छन् । यति मात्रै होइन, दुई साताअघि मुख्यमन्त्री सतिश कुमार सिंहको कार्यकक्षमै विशाल पण्डितका नजिकका प्रतिनिधिहरुले डा. कुशवाहासहित अन्य कर्मचारीलाई ज्यान मार्ने धम्कीसमेत दिएको सूचना बाहिरिएको छ ।

## घरेलु हिंसा दण्डनीय अपराध हो ।

**घरेलु सम्बन्ध भएको परिवारका एक सदस्यले सोहि परिवारको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक हिंसालाई घरेलु हिंसा भन्दछन् ।**



- घरेलु हिंसा भएको, भैरहेको वा हुन लागेको थाहा पाउने पीडित वा जुनसुकै व्यक्तिले सो सम्बन्धी विवरण खुलाई लिखित वा मौखिक उजुरी दिन सक्दछ ।
- यस्तो कसूर भएमा कसुर गरेको मितिले ९० दिनभित्र उजुरी दिनु पर्ने हुन्छ ।
- घरेलु हिंसा कसूर सम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा गरिने ब्यवस्था मिलाइएको छ ।
- यसका साथै घरेलु हिंसाका पीडितलाई जिल्ला कानूनी सहायता समितिबाट निशुल्क कानूनी सहायता सेवा उपलब्छ हुन्छ भने जिल्ला अदालतबाट निशुल्क वकिलको पनि व्यवस्था गरिएको छ ।

नेपालको कानुनले निम्न ४ प्रकारको घरेलु हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।

१) शारीरिक यातनाः कुटपिट गर्ने गैर कानुनी रूपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी, दली, घसी जीउमा पिडा गराउने वा अनुहार वा शरीरको कुनै अंग कुरूप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) मानसिक यातना : डरधाक देखाउने वा धम्की दिने त्रासपूर्ण व्यवहार गर्ने गाली गलौज गर्ने झुठा कुरा लगाउने, घरबाट निकाला गर्ने वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने रूपरंग शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक संतुलन गुमाउने वा आत्महत्या गर्न दुरूत्साहन दिने वा आत्माहत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शब्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) यौनजन्य यातना : महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनेकाले यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) आर्थिक यातना : महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछन् । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

सहयोगका लागि उजुरि गर्ने निकायहरू :
- प्रहरी कार्यालय
- राष्ट्रिय महिला आयोग :
- स्थानीय निकाय
- नगरपालिका/गाउँपालिका (उपमेयर/उपप्रमुख), वडा कार्यालय,

समस्या परेमा सहजै खबर गर्न सकिने नम्बरहरू
- लैङ्गिक हिंसा हेल्पलाइन (राष्ट्रिय महिला आयोग) :११४५
- प्रहरी कार्यालय : १००
- बाल हेल्पलाइन (बालबालिकामाथि हुने हिंसाका लागि): १०९८

जनहितमा जारी सन्देश
जनकनन्दिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खजुरी, धनुषा, मधेश प्रदेश

# दुई वडाध्यक्ष कुटिएपछि आज हेटौँडामा सेवा बन्द

**मधेशदृष्टि**
**हेटौँडा**
हेटौँडा उपमहानगरपालिकाका जनप्रतिनिधि लगातार आक्रमणको सिकार भइरहेका छन् । यसैको विरोधमा शुक्रबार (आज) हेटौँडा उपमहानगरले सबै सेवा बन्द गर्ने निर्णय गरेको छ । वडाअध्यक्षमाथि कार्यकक्षमै मोबिल छ्याप्ने र थप्पड हान्ने घटनाले जनप्रतिनिधि कमजोर मनोबलका भएका छन् ।

जनप्रतिनिधिमाथि भइरहेको आक्रमण अस्वीकार्य भएको भन्दै नगर प्रमुख मीनाकुमारी लामाले असुरक्षित अवस्थामा सेवा दिन नसकिने बताइन् । बिहीबार पत्रकार सम्मेलन गर्दै नगर प्रमुख मीनाकुमारी लामाले जनप्रतिनिधिहरु 'निरन्तर आक्रमणको सिकार' भइरहेकाले असुरक्षित अवस्थामा सेवा दिन नसक्ने भन्दै सेवा बन्द गर्ने निर्णय गरिएको जानकारी दिइन् ।

असार ४ गते वडा नम्बर–१ का अध्यक्ष एवम् उपमहानगरका प्रवक्ता सविन न्यौपानेमाथि कार्यकक्षमै अपरिचित समूहले मोबिल छ्यापेर फरार भएका थिए । उनीहरू दुई मोटरसाइकलमा आएर कार्यालयमा पसेर टाउको, शरीर र





लुगाभरि मोबिल छ्यापेर भागेका थिए । घटनास्थलमा 'भूमिहीन सुकुम्बासी' लेखिएको खाली फाइल भेटिएपछि प्रहरीले घटनालाई भूमिहीन व्यवस्थापनको मुद्दासँग जोडेर अनुसन्धान गरिरहेको छ । घटनाको १५ दिन बितिसक्दा पनि फरार समूहको पहिचान अझै सार्वजनिक हुन सकेको छैन ।

बिहीबार बिहान वडा नम्बर–४ का अध्यक्ष नवीन सिग्देलमाथि हुप्रचौर सडक विस्तारस्थलमै थप्पड प्रहार भएको अर्को घटना भएको छ । सडक विस्तारमा भइरहेको ढिलाइबारे छलफलमा निर्माण व्यवसायी मञ्जु लामाले भिडियो खिच्न थालेपछि विवाद चर्किएको थियो । अध्यक्ष सिग्देलले 'भिडियो नखिच्न' भन्दै मोबाइल रोकेका बेला आक्रोशित हुँदै व्यवसायी लामाले थप्पड प्रहार गरेकी हुन् । लामालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।


यसअघि २०७९ साल भदौमा वडा नम्बर–४ का अध्यक्ष सिग्देलमाथि आफ्नै कार्यकक्षमा हातपात भएको थियो । उपमहानगरले हेटौँडा अस्पताल पछाडिको सार्वजनिक जमिनमा टहरा बनाइरहेका भूमिहीनलाई हटाउँदै आएको छ । कानुनअनुसार सार्वजनिक जमिनको संरक्षण गर्ने दायित्व स्थानीय तहको भएकाले उपमहानगरले जमिन खाली गराउने कार्य अघि बढाउँदा आक्रोश र विवाद बढेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालका अनुसार, दुवै घटनामा संलग्नलाई नियन्त्रणमा लिने र फरारको खोजी गर्न प्रहरीले प्रक्रिया अघि बढाइरहेको छ ।

# अंशाको मृत्युमा अपराधिक संलग्नता नदेखिएको प्रहरीको निष्कर्ष

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकप्रिय हास्य–व्यंग्य टेलिश्रृंखला 'कलकतिया बाली'की प्रमुख कलाकार अंशा सदाको मृत्यु प्रकरणमा प्रहरीले आपराधिक संलग्नता नदेखिएको निष्कर्ष निकालेको छ । प्रारम्भिक अनुसन्धान, पोस्टमार्टम रिपोर्ट र विद्युतीय प्रमाणहरूको विश्लेषणपछि घटना आत्महत्या भएको पुष्टि गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । अंशा सदा असार १० गते राति जनकपुरधाम उपमहानगरपालिका–१५ स्थित आफ्नै निवासमा पासो लगाई झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । घटनास्थलको कोठा भित्रबाट बन्द अवस्थामा थियो । अंशाको शवलाई पोस्टमार्टमका लागि पठाइएपछि अनुसन्धानका लागि टिमका सबैजनाको



मोबाइलसहितका विद्युतीय उपकरणहरू प्रहरीले जफत गरेको थियो । प्रहरी उपरीक्षक बरुण बहादुर सिंहका अनुसार, 'घटनामा हालसम्म आपराधिक शंकाको कुनै पनि आधार भेटिएको छैन । तर, आत्महत्याको कारण भने खुल्न बाँकी छ ।' प्रहरीका अनुसार १० जनाभन्दा बढी व्यक्तिसँग सोधपुछ गरिएको छ । तर, जफत गरिएका उपकरणमा संदेहजनक प्रमाण भेटिएको छैन । २७ वर्षीया अंशा सदा टेलिश्रृंखला 'कलकतिया बाली' मार्फत तराई क्षेत्रमा निकै लोकप्रिय कलाकार बनेकी थिइन् । उनले ६ महिनाअघि मात्र अभिनेता अविनाश झासँग विवाह गरेकी थिइन् । अंशाको असामयिक निधनले कलाक्षेत्र, सहकर्मी कलाकार तथा दर्शकहरूलाई स्तब्ध बनाएको छ । प्रहरीले घटनाको थप पृष्ठभूमि पत्ता लगाउने प्रयासमा अनुसन्धान जारी राखेको जनाएको छ ।



# स्रोत नखुलेको रकमसहित पूर्वकर्मचारी पक्राउ



**राकेश यादव**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौरबाट शसस्त्र प्रहरीले स्रोत नखुलेको रकमसहित एक जनालाइ पक्राउ गरेको छ । पक्राउ पर्ने व्यक्ति राष्ट्रिय अनुसन्धानको पूर्वकर्मचारी रहेको बताइएको छ । भारतबाट नेपालतर्फ बिआर ३० एल ६९४७ नम्बरको मोटरसाइकलमा आउँदै गरेका जितेन्द्र राउतलाई गौर भन्सार रोडमा खटिएका सशस्त्र प्रहरीले चेकजाँच गर्ने क्रममा २ लाख ५० हजार रुपैयाँसहित पक्राउ गरेको हो । हेलमेटभित्र लुकाएर रकम ल्याउँदै गरेको अवस्थामा सशस्त्र प्रहरीले राउतलाई पक्राउ गरेको सशस्त्र प्रहरी बलको नम्बर ११ गण हजमिनियाले जनाएको छ । पक्राउ परेका राउतले भारतमा रहेको नातेदारलाइ दिएको रकम फिर्ता दिएकोमा लिएर फर्किदै गर्दा सशास्त्र प्रहरीको टोलीले आफुलाई नियन्त्रणमा लिएको दावी गरेका छन् ।

# सुरक्षा निकायका प्रमुख र मुस्लिम अगुवाहरुबीच छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा असार २२ गते मुस्लिम धर्मावलम्मबीहरुको पर्व मोहर्रममा निकालिने ‘ताजिया’ अर्थात ‘दाहा’लाई शान्तिपूर्ण रुपमा सम्पन्न गराउने उदेश्यले बिहीबार वीरगंज महानगरका मेयर, जिल्लाका सुरक्षा निकायका प्रमुख र मुस्लिम अगुवाहरुबीच छलफल भएको छ । वीरगंज महानगरका मेयर राजेशमान सिंहको कार्यकक्षमा मेयर सिंहको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालयको विशेष उपस्थितिमा भएको छलफलमा ‘ताजिया’ अर्थात ‘दाहा’लाई लक्षित गरि विभिन्न ६ बुँदे निर्णयहरु गरिएको छ । बैठकले असार २२ गते आइतबार परेको ‘ताजिया’ अर्थात ‘दाहा’ का दिन वीरगंजका विभिन्न वडाबाट निकालिने ताजियालाई घण्टाघरमा जम्मा हुन दिने, प्रत्येक वडाबाट निकालिने ताजियाको लागि संयोजन टोली गठन गरी असार २० गतेभित्र जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने, ताजिया निकाल्दा हातहतियार र डिजेको प्रयोग पूर्णरूपमा निषेध गर्ने, बालबालिकालाई ताजियामा सहभागी नगराउने, जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधि नगर्ने ÷नगराउने, वीरगंज महानगरका मेयर राजेशमान सिंहको संयोजकत्वमा एक मुस्लिम समुदायका प्रतिनिधि र सुरक्षा निकायका प्रमुखहरू सम्मिलित अनुगमन समिति गठन गर्ने तथा कार्यक्रमको सम्पूर्ण सुरक्षा स्थानीय प्रहरी प्रशासनले गर्ने निर्णय गरेको हो । विगतमा गत चैत २८ गते हनुमान जयन्तीको अवसरमा वीरगंजमा निकालिएको शोभा यात्राका क्रममा भएको तनावपूर्ण अवस्थाको पुनरावृत्ति रोक्न स्थानीय सरकार र सुरक्षा निकायहरू यसपटक गम्भीर र सतर्क देखिएका छन् । धार्मिक सद्भावमा असर पार्ने गतिविधिबाट शिक्षा लिँदै मुस्लिम समुदायको महत्वपूर्ण पर्व ‘ताजिया’ (दाहा)लाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने उद्देश्यले सरोकारवालाहरु छलफल गरिएको हो । बैठकमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख तथा प्रहरी उपरीक्षक गौतम मिश्र, सशस्त्र प्रहरी बल नम्बर १३ गण वीरगंजका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, राष्ट्रिय अनुसन्धान विभाग पर्साका प्रमुख सन्तोष ढुंगेल, वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्ण सहित मुस्लिम समुदायका अगुवाहरूकोपनि सहभागिता रहेको थियो ।

# पर्सामा विकास बजेट ४२ प्रतिशत मात्र खर्च

**मधेशदृष्टि**
**वीरगंज ।**
आर्थिक वर्ष सकिन अब डेढ साता मात्रै बाँकी रहँदा पर्सामा विकास बजेट झन्डै ४२ प्रतिशत मात्र खर्च हुन सकेको छ । चालु आर्थिक वर्षको साउनदेखि असार महिनाको बुधबारसम्म जिल्लाका विकास निर्माणसँग सम्बन्धित कार्यालयले ४१ दशमलव ७४ प्रतिशत मात्र विकास बजेट खर्च भएको हो । कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका अनुसार यस अवधिमा जिल्लाको कुल विकास (पुँजीगत) बजेट २ अर्ब ७५ करोड ८३ लाख ८२ हजार ७ सय ५० रुपैयाँमध्ये १ अर्ब ३४ करोड ४१ लाख ९३ हजार ७ सय ९१ रुपैयाँ ८८ पैसा मात्र खर्च भएको छ । संघिय सरकार मातहतका विकास निर्माणसँग सम्बन्धित कार्यालयहरुले नै विकास बजेट खर्च गर्न सकेका छैनन् । सबैभन्दा धेरै विकास बजेट रहेको सघन शहरी तथा भवन निर्माण आयोजना वीरगंजको १ अर्ब ३५ करोड ७६ लाख १९ हजार ७ सय ५० मध्ये ४१ करोड ५५ लाख रुपैयाँ मात्र खर्च भएको छ । ३१ करोड ६५ लाख रुपैयाँ विकास बजेट रहेको हुलाकी राजमार्ग योजना कार्यालय वीरगंजले यस अवधिमा जम्मा १९ करोड ९६ लाख रुपैयाँ मात्र खर्च गरेको छ ।

४५ करोड २८ लाख रुपैयाँ विकास बजेट रहेको संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले २१ करोड ८० लाख रुपैयाँ मात्र खर्च गरेको छ । १७ करोड ९ लाख रुपैयाँ विकास बजेट रहेको नारायणी सिँचाइ व्यवस्थापन डिभिजनले १० करोड ६८ लाख रुपैयाँ मात्र खर्च गरेको छ ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका वडा नम्बर–२ शितलपुरमा बिहीवार करेन्ट लाग्दा एक युवकको मृत्यु भएको छ । धान रोप्नका लागि खेतमा विद्युतिय मोटर प्रयोग गरी पानी हाल्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका युवकको उपचारको क्रममा मृत्यु भएको हो । पानी पटाउने क्रममा करेन्ट लागेका स्थानीय ज्ञानी साहका ३० वर्षीय छोरा रोहित साह सोनारको उपचारको क्रममा प्रादेशिक अस्पताल कलैया बारामा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । घटना भएको जानकारी पाएपछि इलाका प्रहरी कार्यालय सन्तपुर दोस्तियाबाट सई गजेन्द्र कुमारको नेतृत्वमा आएका तीन जनाको टोलीले साहलाई उपचारको लागि पठाएको थियो । अव्यवस्थित विद्युतको प्रयोगले रौतहटमा प्रत्येक बर्ष यस्तो घटना हुँदै आएको छ । विद्युतको पोलबाट लामो दुरीसम्म तार प्रयोग गरी सिचाई गर्ने गरेको र प्रयोग गरिएको तार के कस्तो अवस्थामा रहेको हो भन्ने ध्यानपूर्वक चेकजाँच नगर्दा दुर्घटनामा किसानहरू पर्ने गरेको बुझिएको हो ।



यसैविच, रौतहटमा करेन्ट लागेर एक किशोरीको पनि मृत्यु भएको छ । जिल्लाको कटहरिया नगरपालिका–८ पोखरिया बस्ने रामपुकार यादवकी छोरी १४ वर्षीया रोशनी कुमारी यादवको करेन्ट लागेर बुधबार राति मृत्यु भएको हो । गुजरा नगरपालिका–६ बेदौलीस्थित लत्नेको बिजुलीको तारबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको सरकारी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

# क्षमता अभिवृद्धि तालिम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
डिभिजन वन कार्यालय पर्साको आयोजनामा सामुदायिक वन पदाधिकारीहरूलाई लक्षित गरी ‘क्षमता अभिवृद्धि तालिम तथा अन्तरक्रिया कार्यक्रम’ सम्पन्न भएको छ । कार्यक्रममा सहभागीहरूले सामुदायिक वन व्यवस्थापनमा देखिने चुनौतीहरू, समाधानका उपाय, वातावरणीय सन्तुलन, जैविक विविधताको संरक्षण, कानुनी संरचना र स्थानीय समुदायको समावेशी भूमिकाबारे गहिरो छलफल र अभ्यास गरेका थिए । आयोजक पक्षका अनुसार तालिमको उद्देश्य सामुदायिक वन पदाधिकारीहरूमा प्रशासनिक, कानुनी र व्यवस्थापकीय ज्ञान अभिवृद्धि गर्नु रहेको थियो । कार्यक्रमको अन्तिम सत्रमा सहभागीहरूले तालिम प्रभावकारी भएको प्रतिक्रिया दिँदै भविष्यमा पनि यस्ता कार्यक्रमको निरन्तरता आवश्यक रहेको माग गरेका थिए । कार्यक्रमको अध्यक्षता शम्भु चौरसियाले गरेका थिए भने प्रकृति संरक्षणको लागि स्थानिय पहल, नेपाल (वीरगंज–१६) ले कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो ।

# अझै पक्राउ परेनन् टोली प्रमुख साह

**मधेशदृष्टि**
**रौतहट ।**
ठगी आरोपमा जिल्ला अदालत रौतहटले पक्राउ पुर्जी जारी गरेको एक महिना बितिसक्दा पनि काठमाडौंस्थित नापी कार्यालय डिल्लीबजारअन्तर्गत टोखा टोली प्रमुख सञ्जय साह पक्राउ पर्न सकेका छैनन् ।

इलाका प्रहरी गरुडाले अदालतबाट ठगी मुद्दा दर्ता गरी साहको नाममा गत जेठ १३ मा पक्राउ पुर्जी लिएर जिल्ला प्रहरी परिसर काठमाडौंमा पत्र पठाए पनि अहिलेसम्म उनी पक्राउ परेका छैनन् । ठगी आरोपमै प्रहरीले नापी प्रमुख साह, दुर्गाभगवती गाउँपालिकाका पूर्वअध्यक्ष अरुण साह, काठमाडौं नागार्जुन–४ का विमलादेवी श्रेष्ठ र छोरा धीरज श्रेष्ठविरुद्ध पनि अदालतबाट पक्राउ पुर्जी लिइएको इलाका प्रहरी गरुडाका डीएसपी राजन कार्कीले बताए । गरुडा नगरपालिका–६ पोठियाहीका सन्तोषकुमार चौधरीले जग्गासम्बन्धी कारोबारमा रकम ठगी गरेको आरोपमा उनीहरुविरुद्ध प्रहरीमा जाहेरी दिएका थिए ।


(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२०)

## शिलबन्दी कोटेशन सम्बन्धी सूचना:

यस बैंकको लागि आवश्यक बिधुतीय तथा अन्य उकरणहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक सप्लायर्स/डिलर्सले तोकिएको स्पेसिफिकेशन बमोजिमको उपलब्ध गराउन सकिने बिधुतीय तथा अन्य उकरणहरुको शिलबन्दी कोटेशन यो सूचना प्रकाशित भएको १५ दिनभित्र यस बैंकको गीता मंदिर रोड, बिरगंज स्थित प्रधान कार्यालयको प्रशासन विभागमा पेश गर्नुहुन अनूरोध छ । साथै कोटेशन स्वीकृत भएको खण्डमा ७ दिनभित्र सामान डेलिभरी दिन सक्नेले मात्र कोटेशन पेश गर्नूहून अनूरोध छ ।

**Details:**

| S.N. | Particulars | Brand/Model |
|---|---|---|
| 1 | Tow Wheeler -125CC | Honda |
| 2 | Laptop | Dell/ i3 Latest Generation |
| 3 | Desktop | Dell/ i3 Latest Generation |
| 4 | Laptop | Dell/ i5 Latest Generation |
| 5 | Desktop | Dell/ i5 Latest Generation |
| 6 | Scanner | Canon lide120 |
| 7 | Loose counting Machine | MaxSell |
| 8 | Bandule Counting Machine | MaxSell |
| 9 | Cheque Writer | Kings Life |
| 10 | PABX system -8 port | Miracall |
| 11 | Note Detecting Machine | MaxSell/ Namibind |
| 12 | MIRC Cheque/Scanner | Digital Check Cx30 |
| 13 | Printer /Laser* (3 in 1) | Canon /MF 3010 |
| 14 | Printer LBP-2900 | Canon LBP-2900 |
| 15 | Photocopy Machine | Canon/MF462dw |
| 16 | Validation Printer ( Slip printer) | Globish Impact 1112 |
| 17 | Dot matrix Printer | Epson/LQ-310 |
| 18 | Attendance System | Secureye |
| 19 | Network switch 16 pot | Hikvision |
| 20 | Online Ups | Luminous |
| 21 | Ups Battery 100 AMH | Luminous |
| 22 | Generator 5 KVA | Honda |
| 23 | Filing Cabinets -4 drawer | |
| 24 | Fire Proof Cabinets 4 drawer | Podrej |
| 25 | Steel Skeleton Rack | |
| 26 | Queue Stand | |
| 27 | Chair- staff Removable (Nets) | |
| 28 | BM- Chair Removable (Nets) | |
| 29 | Waiting Chair 1 Seater | |
| 30 | Waiting Chair steel- 3 Seater | |
| 31 | Sofa-3 Seater | |

**Note: Submit quotation with Guarantee/ Warrantee, Installation and Configuration, migration charge.**

सम्पर्क विवरण
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
गीता मंदिर रोड, बिरगंज, पर्सा
सम्पर्क नं. ०५१-५३१०३१

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend


# मन्त्री उही, अघिल्लो दिन गर्व, भोलिपल्ट उजुरी ?

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साका सांसद एवम् संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको ४८ घण्टाको दुई वटा समाचारले अहिले उनको सर्वत्र आलोचन चइरहेको छ । अघिल्लो दिन उनको सचिवालयले समाचार सम्प्रेषण गरेको छ, ‘वर्षौंदेखि अलपत्र निजामती विधेयक पारित गराउन सफल बन्नुभयो मन्त्री राजकुमार गुप्ता, सङ्घीयताले गर्‍यो ‘डिपार्चर ।’ यसलगत्तै अर्को दिन फेरि मन्त्रीको सचिवालयबाट आएको समाचारको शीर्षक छ, ‘‘कुलिङ पिरियड’मा भएको हेरफेर छानबिन गर्न सभामुखलाई सङ्घीय मामिलामन्त्री गुप्ताको आग्रह ।’

अघिल्लो दिन कर्मचारी विधेयक आफ्नो मेहनतले आएको भनेर गर्व गरेका मन्त्रीले भोलिपल्टै विधेयकमा बदमासी भयो भनेर रुवाबासी गरेको पटक्कै सुहाएको छैन ।

उनको सचिवालयले भनेको छ, ‘अनेक दबाब र झमेलाबाट विचलित नभइ उहाँले आफ्नो प्रतिद्धतालाई निष्कर्षमा पु¥याउनुभयो । यसले उहाँलाई ऐतिहासिक सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रीको रूपमा उभ्याएको छ ।’

यसको २४ घण्टापछि उनको सचिवालयले भनेको छ, ‘आइतबार प्रतिनिधि सभाबाट बहुमतले पारित गरिएको ‘सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ मा व्यवस्था गरिएको ‘कुलिङ अफ पिरियड’ को उद्देश्य र आशय नै उल्ट्याउने गरी अनधिकृत ढङ्गबाट भएको हेरफेरप्रति आक्रोश व्यक्त गर्नुहुँदै मन्त्री गुप्ताले भने, ‘यो त सार्वभौम संसदकै अपमान भयो, यो सामान्य घटना होइन । संसदले छानबिन गरी दोषीलाई तत्काल कारबाही गरोस् ।’

राज्य व्यवस्था तथा सुशासन समितिबाट सर्वसम्मतिले पारित भएको विधेयकको प्रतिवेदन संसदमा लैजाने क्रममा हेरफेर भएको हुनसक्ने मन्त्री गुप्ताको आशङ्का छन् ।

‘समितिबाट पारित भएको विधेयकलाई म र समितिका सभापति माननीय रामहरि खतिवडासहित माननीयज्यूहरू रघुजी पन्त, दीलेन्द्र प्रसाद बढु, लिलानाथ श्रेष्ठलगायतले मेरै मन्त्रालयमा बसेर असार २ गते हेर्ने अनि संसदमा प्रतिवेदन पेस गर्ने तयारी गरेका थियौँ, तर माननीय सभापतिजीले हामीलाई पत्तै नदिई असार १ गते नै प्रतिवेदन हाउसमा पेस गर्नुभयो,’ मन्त्री गुप्ताले भने, ‘त्यहीँनिर समस्या सृजना भएको जस्तो लाग्दैछ ।’

अघिल्लो दिन मन्त्री गुप्ताको समाचारमा भनिएको छ, ‘करिब १० वर्षदेखि अलपत्र पर्दै आएको ‘सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०’ आज प्रतिनिधि सभाबाट बहुमतले पारित भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले छलफलका लागि विधेयक प्रस्तुत गरेका थिए । छलफलपछि विधेयक पारित गरियोस् भनेर गरेको प्रस्तावलाई बैठकले बहुमतका साथ पारित गरेको हो ।

विधेयक पारित हुनुअघि सभामा उठेका प्रश्नमाथि मन्त्री गुप्ताले जवाफ दिएका थिए । नेपालको संविधान २०७२ को धारा २८५ बमोजिम निजामती सेवा विधेयक आएको जानकारी दिएका थिए । विधेयक ऐनमा रूपान्तरण भएपछि प्रशासनिक सङ्घीयता कार्यान्वयन गर्न सहज हुने उनेको दाबी थियो ।

यसरी आफ्नो कार्यकालमै ऐतिहासिक काम भनेर चर्चा बटुल्न चाहेका मन्त्री गुप्ताले भोलिपल्टै केही थाहा नपाएको र बदमासी भएको भन्दै भनेका छन्, ‘तालुक मन्त्रालयका मन्त्रीलाई नै झुक्क्याएर प्रतिवेदन पेस गरिनु गम्भीर आशङ्काको विषय भएको छ ।’

# निकासी कर हटाउन माग गर्दै किसान आन्दोलित

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको लालबन्दी नगरपालिकाले ताजा तरकारीमा लगाएको निकासी कर हटाउन माग गर्दै किसानहरुले आन्दोलन गरेका छन् । यस अघि पनि पटक–पटक निकासी कर हटाउन माग गर्दै आएका किसानले बिहीबार बिहान पूर्व–पश्चिम राजमार्ग अन्तर्गत लालबन्दीको डुमडुमे मन्दिर अगाडि सडक अवरुद्ध पारेर विरोध गरेका हुन् । यस अघि नगरपालिकालाई कर हटाउन माग गर्दै आएकोमा व्यापारीले किसानसँग तरकारी किन्नै रोकेपछि प्रदर्शन गर्नुपरेको किसानको भनाइ छ । नगरपालिकाले तरकारीमाथि लगाउने कर खारेज नभएसम्म तरकारी खरिद नगर्ने तरकारी व्यवसायी सङ्घका अध्यक्ष दरेश चौधरीले बताए । विरोध प्रदर्शनमा किसानसँगै व्यापारी पनि सहभागी भएका छन् । लालबन्दीमा उत्पादित तरकारी काठमाण्डौ, पोखरा नारायणगढ लगायतका शहरमा बिक्री हुने गरेको छ । नगरपालिकाले अन्यत्र लैजाँदा तरकारीमा निकासी कर लगाएको हो ।

# अध्यक्ष राउतको निर्णयविरुद्ध साहको असहमति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीभित्र नेतृत्व चयनको विवाद फेरि चुलिएको छ । पार्टी अध्यक्ष डा. सीके राउतले आफ्नै दाजु डा. जयकान्त राउतलाई राष्ट्रिय उपाध्यक्षमा मनोनयन गरेपछि स्थायी समिति सदस्य इन्जिनियर दीपककुमार साहले आपत्ति जनाएका छन् । इ. साहले बिहीबार सार्वजनिक गरेको एक प्रेस विज्ञप्तिमा पार्टी अध्यक्षले 'पारिवारिक सञ्जाल' मार्फत सत्ता र पदमा कब्जा जमाउने प्रयास गरेको आरोप लगाएका छन् । विज्ञप्तिमा भनिएको छ, 'संस्थागत राजनीतिको नाममा अध्यक्षज्यूको परिवारवाद प्रवृत्तिले पार्टीको आन्तरिक लोकतन्त्र र कार्यकर्ताको मनोबलमा गम्भीर असर पारेको छ ।' साहका अनुसार पार्टी अध्यक्षले दाजु जयकान्त राउतलाई उपाध्यक्ष बनाउने निर्णयले पारिवारिक प्राथमिकता स्पष्ट रूपमा देखिएको छ । यही क्रममा अध्यक्ष राउतले स्थायी समिति सदस्य ई. साह, कोषाध्यक्ष ई. सुरेन्द्र यादवलगायत नेताहरूमाथि अनुशासनको नाममा कारबाही गर्दै पार्टीबाट पन्छ्याउने रणनीति अपनाएको आरोप पनि विज्ञप्तिमा लगाइएको छ ।
साहले अध्यक्ष डा. राउतलाई पाँच बुँदे सुझाव समेत दिएका छन् । विज्ञप्तिमा पार्टी उपाध्यक्ष नरेन्द्र चौधरीका दाजु दान बहादुर चौधरीलाई समेत राष्ट्रिय उपाध्यक्ष बनाइएको विषयमा आपत्ति जनाइएको छ ।

उनीमाथि विगतमा पार्टी विरोधी गतिविधिमा संलग्न भई अन्य दलसँग आबद्ध भएको आरोप लगाइएको छ । साहले संगठनभित्र गुटबन्दी, पूर्वाग्रही निर्णय र समर्पित नेताको उपेक्षाले जनमत पार्टीभित्रको आन्तरिक असन्तुलन गहिरिएको उल्लेख गरेका छन् । उनले पार्टीको नेतृत्व शैली र संगठन संरचनामाथि गम्भीर समीक्षा आवश्यक रहेको चेतावनी पनि दिएका छन् ।

# गरुडा नगरपालिकाद्वारा छात्राहरुलाई साइकल वितरण




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका–४ स्थित नमुना माध्यमिक विद्यालय गरुडामा अध्ययनरत छात्राहरूलाई नगरपालिकाले साइकल वितरण गरेको छ । नगर प्रमुख कन्थमनी प्रसाद जयसवालको अगुवाइमा कक्षा ८ मा अध्ययनरत २२ जना छात्राहरूलाई साइकल वितरण गरिएको हो । साइकल वितरण कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख जयसवालले विद्यालय आउजाउमा कठिनाइ भोगिरहेका गरिब, विपन्न र जेहेन्दार विद्यार्थीहरूको शैक्षिक यात्रा सहज बनाउन साइकल सहयोग गरिएको बताए । उनका अनुसार, 'समयमै विद्यालय पुग्न, पढाइमा नियमितता कायम गर्न र विद्यार्थीको आत्मविश्वास बढाउन साइकल सहयोग प्रभावकारी हुनेछ ।' गरुडा नगरपालिकाले शिक्षामा पहुंच, गुणस्तर र अवसर सुनिश्चित गर्ने उद्देश्यसहित विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयतर्फ आकर्षित गर्ने प्रयासस्वरूप साइकल वितरण कार्यक्रमलाई निरन्तर प्राथमिकताका साथ अघि बढाइरहेको छ । नगर प्रमुख जयसवालले जानकारी दिएअनुसार हालसम्म गरुडा नगरपालिकाले विभिन्न विद्यालयका गरी १११ जना छात्रालाई साइकल प्रदान गरिसकेको छ भने बाँकी छात्राहरूलाई पनि वितरण क्रमशः जारी रहनेछ । साइकल प्राप्त गरेका विद्यार्थीहरू उत्साहित देखिएका छन् । उनीहरूले अब विद्यालय आउजाउ सजिलो हुने, समयमै कक्षा सम्हाल्न सकिने र पढाइमा थप ध्यान केन्द्रित गर्न सकिने प्रतिक्रिया दिएका छन् ।

# च्याम्पियन जनकपुरको नयाँ रणनीति सात खेलाडी टिममै कायम




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो सिजनका लागि साबिक विजेता जनकपुर बोल्ट्सले आफ्नो टिम संरचनामा केही फेरबदल गरेको छ । क्लबले सात जना खेलाडीलाई रिटेन गर्दै पाँच खेलाडीलाई रिलिज गरेको छ । क्लबले सामाजिक सञ्जालमार्फत जानकारी दिँदै मार्की खेलाडीका रूपमा विकेटकिपर–ब्याट्सम्यान आसिफ शेखलाई कायम राखेको छ । उनीसँगै अनिल साह, ललितनारायण राजवंशी, शुभ कसांकार, तुलबहादुर थापा, किशोर महतो र रुपेश सिंह रिटेन्ड सूचीमा छन् । यता, आकाश त्रिपाठी, विशाल शुस्लिङ, हेमन्त धामी, अरनिको यादव र शेर मल्ललाई भने क्लबले रिलिज गरेको छ । गत संस्करणमा सुदूरपश्चिम रोयल्सलाई ५ विकेटले पराजित गर्दै च्याम्पियन बनेको जनकपुर बोल्ट्सले यसपटक पनि उपाधि रक्षा गर्ने लक्ष्यसहित तयारी अगाडि बढाएको छ । नेपाल क्रिकेट संघ (क्यान) ले एनपिएलको दोस्रो संस्करणका लागि आगामी अगस्टमा खेलाडी अक्सन गर्ने तयारी गरिरहेको छ । अक्सनपछि टिमहरूले बाँकी स्थानहरूमा नयाँ खेलाडी अनुबन्ध गर्न पाउनेछन् ।

# मटिहानी नगरभित्रका सडक कालोपत्र गरिँदै

**महोत्तरी ।**
महोत्तरीको मटिहानी नगरपालिका–४ र ५ का मझौरा, बिसनपुर र गोबरौरा बस्तीका सडकमा तीव्र गतिमा कालोपत्र भइरहेको छ । विकासको अवसरबाट पर रहेका यहाँका सर्वसाधारण बस्तीमा धमाधम सडक कालोपत्र हुन थालेपछि खुसी भएका छन् । 'देखियौ, हमरो गाममें सडक पिच बनि रहल छैक' (हाम्रो बस्तीको सडक पनि कालोपत्र हुँदैछ) धमाधम कालोपत्रे भइरहेको सडकतिर देखाउँदै मटिहानी–४ का चन्देश्वर रजकले भने, 'आब गामक रुख बदलि गेलै' (अब बस्तीको रूप बदलियो) । सडक कालोपत्र हुन थालेपछि यी बस्तीका बासिन्दा खुसी देखिन थालेका छन् । बिसनपुरका इशाक कवारीले भने, 'इन्तजार करए परैछै, सबके दिन अबैछै' (पर्खिनु पर्दो रहेछ, सबैको दिन आउँदा रहेछन्) । कालोपत्र हुन थालेपछि बस्तीको सौन्दर्य बढेसँगै आपूmहरूको जीवन सहज हुने उनले विश्वास व्यक्त गरे । गोबरौराका शिव साहले सडक कालोपत्र भएसँगै कृषि उपज बजारसम्म पुर्याउन सहज हुनुका साथै व्यापार बढ्ने बताए । सङ्घीय सरकार मातहतको शहरी विकास तथा भवन निर्माण विभागको सघन शहरी विकास कार्यक्रमअन्तर्गत मटिहानी–४ को मझौरा प्रवेशद्वारबाट बिसनपुर हुँदै मटिहानी–५ को गोबरौरासम्मको चार किलोमिटर सडकमा कालोपत्र गर्न थालिएपछि बस्तीका बासिन्दा खुसी छन् । कृषि उत्पादन सजिलै बजार पुग्ने र आपत्विपद्मा शीघ्र




गन्तव्यमा पुगिने नगरप्रमुख हरिप्रसाद मण्डलले बताए ।
कालोपत्र सम्पन्न भएपछि करिब १५ हजार जनसङ्ख्या लाभान्वित हुने उनले जानकारी दिए । शहरी विकास तथा भवन निर्माण विभागले करअतिरिक्त नगरपालिकालाई उपलब्ध गराएको २७ करोड ९९ लाख ७४ हजार ५७७ मध्ये मझौरा–बिसनपुर–गोबरौरा सडक कालोपत्रमा चार करोड खर्च हुने नगर कार्यपालिकाका प्राविधिक शाखाका प्रमुख इन्जिनियर विमलेश साहले बताए । सडक विस्तार तथा कालोपत्र अन्य वडाबस्तीमा पनि गर्दै जाने उनको भनाइ छ । वर्षौंदेखि धुलो, हिलो र अव्यवस्थित सडकले यातायात, व्यापार, स्वास्थ्य सेवा र शिक्षाको पहुँचमा सास्ती खेपिरहेका मझौरा, बिसनपुर र गोबरौराका बासिन्दाका लागि सडक कालोपत्र सम्पन्न भएपछि दैनिकी सहज हुने मटिहानी–४ का वडाध्यक्ष अब्दुर गफार राइनले बताए । कालोपत्रको नियमित अनुगमन गरिरहेका नगरप्रमुख मण्डलले केही दिनभित्र काम सम्पन्न हुने जानकारी दिए । नगरका बस्तीबस्तीसम्म सडक सञ्जाल विस्तार र स्तरोन्नति गर्ने लक्ष्यका साथ नगरले काम गरिरहेको उनको भनाइ छ । नगरमा बढेको पूर्वाधार निर्माणले आफ्नो ठाउँ शीघ्र 'स्मार्ट सिटी' का रूपमा विकास हुने स्थानीयले अपेक्षा गरेका छन् । रासस

# सुरक्षाका आवश्यक सबै मापदण्ड पालना गर्न जगदम्बा स्टिल्सलाई निर्देशन

**वीरगंज ।**
जिल्ला प्रशासन कार्यालय बाराले आगजनीको घटनालाई आगामी दिनमा नदोर्होयाउनको लागि आवश्यक सुरक्षा सतर्कता अपनाउन जगदम्बा स्टिल्स कारखानाका प्रतिनिधिलाई निर्देशन दिएको छ । बुधबार राति सो कारखानाको कच्चा पदार्थ पगाल्ने ३० टनको भट्टीमा भएको आकस्मिक आगलागी भएको थियो । बाराका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले जगदम्बा स्टिल्स वरपर मानव वस्ती र सोही उद्योगमा कार्यरत मजदूरको सुरक्षाको लागि पनि आवश्यक सुरक्षाका मापदण्ड कडाईपूर्वक पालना गर्नका लागि उद्योगलाई निर्देशन दिएको बताए । 'सो दुर्घटना भएको थाहा पाउने बित्तिकै स्थलगत अनुगमन गरेका थियौँ,' उनले भने, 'उद्योग वरपर मानव वस्ती र उद्योगमा कार्यरत मजदुरको पनि सुरक्षाको विषयमा गम्भिर चासो राखेका छौँ । अगामीका दिनमा पनि यस्ता खालका दुर्घटना नहोस भन्नका लागि सुरक्षा मापदण्ड पालना गर्नका लागि अनुरोध गर्दछु ।' प्रजिअ अधिकारीले दुर्घटना भएको उद्योगले मात्रै नभएर अन्य उद्योग कलकारखानाले पनि सुरक्षाका मापदण्ड कडाइपूर्वक पालना गर्नुपर्ने बताए । जगदम्बा स्टिल्स लिमिटेडले विहीबार प्रेस विज्ञप्ती जारी गरेर बुधबार राति ९ः१५ बजेका समयमा जीतपुर–सिमरा उपमहानगरपालिका–२ स्थित उद्योगको हाताभित्र रहेको सिसिएम प्लान्टमा कच्चा पदार्थलाई पगाल्ने क्रममा ३० टनको भट्टी चलिरहेको अवस्थामा अकस्मात आगजनी भएर पड्किन गएको जनाएको छ । कम्पनीका अनुसार सो घटनामा परेर भारत विहार राज्य समस्तिपुर स्थायी घर भई कारखानामा कार्यरत अजय बैठा घाइते भएका थिए । घाइते बैठाको एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको छ । कम्पनीले एक जना घाइते हुनुबाहेक अन्य कुनै पनि मानवीय क्षति नभएको दावी गरेको छ । 'उद्योगमा भने ठूलो मात्रामा भौतिक क्षति भएको छ,' कम्पनीद्वारा जारी प्रेस विज्ञप्तीमा भनिएको छ, 'उक्त घटना के कसरी हुन गयो भन्ने बारेमा सम्बन्धित पक्ष र यस प्रतिष्ठानबाट अनुसन्धान भइरहेको अवगत गराउन चाहन्छौँ ।' कम्पनीले सामाजिक सञ्जालमा विभिन्न खालका अफ्वाह फैलाइएकोमा भने गम्भिर ध्यानाकर्षण भएको जनाएको छ । प्रजिअ अधिकारीले सो घटनाको विषयमा इलाका प्रहरी कार्यालय सिमराले आवश्यक अनुसन्धानसमेत गरिरहेको जानकारी दिए । 'इलाका प्रहरी कार्यालयले सो घटनाको सम्बन्धमा आवश्यक छानविन गरिरहेको छ,' उनले भने, 'सो को प्रतिवेदनसँगै आवश्यक कदम चाल्नेछौँ ।' रासस

# गण्डक नहरका संरचना जीर्ण

**वीरगंज ।**
पचास वर्षअघि सञ्चालनमा आएको गण्डक नहरको संरचना जीर्ण बनेका छन् । नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ तारिखमा गण्डक सिँचाइ तथा जलविद्युत् योजना सम्झौता भएको थियो । सो सम्झौताअनुसार दुवै मुलुकमा सिँचाइ गर्ने उद्देश्यसहित भारत सरकारद्वारा नारायणी नदीमा ब्यारेज निर्माण गरी नारायणी सिँचाइ प्रणालीको विकास गरिएको थियो । सो सिँचाइ योजनाअन्तर्गत पर्सा, बारा र रौतहट जिल्लाको दक्षिणी भेगको ३७ हजार ४०० हेक्टर क्षेत्रफलमा सिँचाइको लागि भारतीय पक्षले नेपालका लागि ८५० क्युसेक क्षमताको पानी आउने गण्डक नहर निर्माण गरेर सन् १९७५ र १९७६ सालमा नेपाललाई हस्तान्तरण गरेको थियो । नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका इञ्जिनियर ललन बैठाले नहर प्रणालीमा निर्माण भएका संरचना जीर्ण भएका बताए । 'अहिले नहर प्रणालीहरुमा सिल्टेसन (नहरमा माटो र बालुवा थुप्रिने) समस्या कायमै छ', उनले भने, 'नहरका संरचना कमजोर भएका छन् । अर्कोतर्फ नहरसँगै जोडिएका पुलको अवस्था पनि जीर्ण भइरहेको छ ।' कार्यालयका इन्जिनियर बैठाले नहर प्रणालीमा निर्माण भएका संरचनाको मर्मतसम्भारको लागि यथोचित बजेट व्यवस्थापनको जरुरत रहेको पनि बताए । गण्डक नहर भारतीय भूमि हुँदै नेपाल–भारतको सीमा क्षेत्र जानकीटोला हुँदै पर्सामा पानी भित्रिने गर्छ । यो नहर नेपालतर्फ ८१ किलोमिटर लम्बाइ रहेको छ । यो नहरको नौ वटा डिष्ट्रिब्युटरी र ८७ वटा संरचनाअन्तर्गत पर्सा, बारा र रौतहत जिल्लामा सिँचाइ गर्ने गरिन्छ । इन्जिनियर बैठाले सम्झौताअनुसार तीन जिल्लाको ३७ हजार ४०० हेक्टर क्षेत्रमा सिँचाइ हुनुपर्ने भए तापनि हालसम्म भने २८ हजार ७०० हेक्टर क्षेत्रफलमा मात्रै सिञ्चित हुँदै आएको जानकारी दिए । सम्झौताअनुसार नेपालले ८५० क्युसेक पानी प्राप्त गर्नुपर्ने हो । तर, सोहीबमोजिम प्राप्त हुन नसकिरहेको नेपाली पक्षले जनाएको छ । नारायणी सिँचाइ व्यस्थापन कार्यालय मातहत २९ वठा ट्युबेलमध्ये दुई वटा मात्र सञ्चालनमा रहेका छन् ।

मातहत रहेका चार वटा ट्युबेल पूर्ण रुपमा निष्क्रिय छन् भने २३ वटा ट्युबेल सञ्चालनमा ल्याउन सकिने भएकाले बजेटको आवश्यकता रहेको कार्यालयले जनाएको छ । कार्यालयले चालु आर्थिक वर्षमा मर्मतसम्भार आयोजनाका लागि रु पाँच करोड ९८ लाख बजेट विनियोजन भएकोमा हालसम्म भने ९५ प्रतिशत भौतिक प्रगति भएको जनाएको छ । बृहत् सरकारी सिँचाइको पुनःस्थापना तथा व्यवस्थापन हस्तान्तरणको लागि ११ करोड १० लाख बजेट विनियोजन भएकोमा हालसम्म ९० प्रतिशत भौतिक प्रगति र ६५ प्रतिशत वित्तीय प्रगति भएको कार्यालयले जनाएको छ । गण्डक नहरमा भारतीय पक्षले वर्षायाममा असार १५ र हिउँदमा पुस १० गतेदेखि पानी प्रवाह गर्नुपर्ने सम्झौता छ । रासस

# अरुणोदय सुर संध्या–सिजन २ सम्पन्न

**कुमार प्रणय**
**वीरगंज ।**
'हाम्रो समुदायभित्रको संगीत र प्रतिभाको उत्सव' भन्ने भावनासहित आयोजना गरिएको 'अरुणोदय सुर संध्या–सिजन २' वीरगंजस्थित होटल भिस्वामा भव्य रूपमा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्य दूत देवीसहाय मिनाले दीप प्रज्वलन गरी गरे । उक्त साँझको अवसरमा वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह,



नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोध गुप्ता, वीरगंज उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष अनिल अग्रवाल, पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रलगायत विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा विशेष रूपमा मारवाडी समुदायका महिलाहरूले आ–आफ्नो सांगीतिक प्रतिभा प्रस्तुत गर्दै वातावरणलाई सांगीतिक रसले भरिपूर्ण बनाएका थिए । 'अरुणोदय सुर संध्या' को मूल उद्देश्य भजन प्रेमीदेखि बाथरूम गायकसम्मका महिला संगीतप्रेमीहरूलाई प्रेरणा र प्रोत्साहन दिने, तिनीहरूको कला चम्काउने तथा संगीतप्रतिको प्रेम साझा गर्ने एक आनन्ददायी मञ्च प्रदान गर्नु रहेको आयोजकले जानकारी दिएका छन् । साँझभर प्रस्तुत भएका गीत–संगीत र भावनात्मक प्रस्तुतीहरूले कार्यक्रममा सहभागी सबैको मन जितेको थियो ।

सम्पादकीय

# केन्द्रलाई गाली, मधेशमा खोइ खबरदारी ?

देशमै सबैभन्दा बढी जनसंख्या मधेशमा छ। मधेशका शिक्षकले नेपालभर पुगेर शिक्षाको उज्यालो घामबाट मुलुकलाई दीक्षित गरिरहँदा मधेशमा अझै पूर्णसाक्षर जिल्ला घोषणा पनि बाँकी छ।

यसरी मधेशको शिक्षा पछाडि धकेलिँदै गएको छ। खुलेका विश्वविद्यालयलाई बजेट दिइएको छैन। त्यसलाई पक्षघात पारेर सजाय दिइएको छ। केन्द्र सरकारलाई गाली गरेर नथाक्ने मधेशका नेताहरुकै सरकार हो मधेश प्रदेश सरकार।

भौतिक पूर्वाधार मन्त्रालयबाट किताब निकाल्ने भनेर ४० लाख रुपैयाँ बजेट बनाउने मधेश सरकारले शिक्षाका लागि छुट्याएको बजेट आफैँमा लज्जास्पद छ। संघ सरकारले आर्थिक वर्ष २०८२–८३ का लागि शिक्षा क्षेत्रमा २ खर्ब ११ अर्ब १७ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। मधेश प्रदेश सरकारले ३ अर्ब ५७ करोड रुपैयाँ मात्र छुट्याएको छ।

अब कसरी मधेशको शिक्षा उन्नयनमा यति रकम काफी हुन सक्छ ? यसवर्ष एसइइमा देशभरबाट ६२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा मधेश प्रदेशमा २८ प्रतिशतमा सीमित छ। यसको जिम्मेवारी कसले बहन गर्ने, आत्मसमीक्षा गर्ने कि नगर्ने ?

मुलुकको समग्र साक्षरता दर ७६.२ प्रतिशत छ। मधेशको ६३.५ प्रतिशतमा सीमित छ। रौतहटमा ५७.८ प्रतिशत मात्र साक्षरता छ। ६६ जिल्ला र ४ प्रदेश पूर्ण साक्षर घोषित भए पनि मधेश प्रदेशको एउटा पनि जिल्ला साक्षर घोषणा भएको छैन। ७७ जिल्लामध्ये कम साक्षरता दर भएका ५ जिल्लामा ४ वटा मधेशकै रौतहट, महोत्तरी, सर्लाही र बारा हो। यसैले मधेशको शिक्षा सुधारमा कठोर कदम चाल्ने शासक जरुरी देखिएको छ। अन्यथा मधेशको शिक्षा अरु ओरालो लाग्ने पक्का छ।

## मधेशको शिक्षाः

# अधिक विद्यार्थी, नतिजा र शिक्षक न्यून



दिवेश कुमार महतो

| विवरण | विद्यालयको प्रकार | बाल विकास/ पूर्व प्राथमिक विद्यालय | आधारभूत विद्यालय (कक्षा १-८) | माध्यमिक विद्यालय (कक्षा ९-१२) | कुल जम्मा |
|---|---|---|---|---|---|
| विद्यालय सङ्ख्या | सामुदायिक | ३२४९५ | २०७७४ | ७२१६ | ६०४८५ |
| | संस्थागत | ७६२३ | ३६१० | ४२७६ | १५५०९ |
| | धार्मिक | ५६६ | १३०१ | ८३ | १९५० |
| | जम्मा | ४०६८४ | २५६८५ | ११५७५ | ७७९४४ |
| विद्यार्थी सङ्ख्या | सामुदायिक | ६३९८७७ | ३६९२८५९ | १३०२६०७ | ५६३५३४३ |
| | संस्थागत | ६४६६४९ | १६७८८४८ | ४६८९४८ | २७९४४४५ |
| | धार्मिक | २०८१३ | १३३४७९ | ३१२६ | १५७४१८ |
| | जम्मा | १३०७३३९ | ५५०५१८६ | १७७४६८१ | ८५८७२०६ |
| शिक्षक सङ्ख्या | सामुदायिक (कुल शिक्षक सङ्ख्या धार्मिकसहित) | ३०४९८ | १४९८११ | ३२४२८ | २१२७३७ |
| | संस्थागत (निजी स्रोतको सहित) | २१६२१ | ६३७१२ | २७२४० | ११२५७३ |
| | जम्मा | ५२११९ | २१३५२३ | ५९६६८ | ३२५३१० |
| प्रति विद्यालय विद्यार्थीको अनुपात | सामुदायिक | २० | १७८ | १८१ | २०१ |
| | संस्थागत | ८५ | ४६५ | ११० | ३५४ |
| | धार्मिक | ३७ | १०३ | ३८ | ११४ |

तालिका १

क्षेत्र साक्षरता दर प्रतिशतमा

| | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| नेपाल :– | ७६.२ | ८३.६ | ६९.४ |
| कोशी प्रदेश :– | ७९.७ | ८६.१ | ७३.६ |
| मधेश प्रदेश :– | ६३.५ | ७२.५ | ५४.७ |
| बाग्मती प्रदेश :– | ८२.१ | ८८.३ | ७६.० |
| गण्डकी प्रदेश :– | ८१.७ | ८८.८ | ७५.३ |
| लुम्बिनी प्रदेश :– | ७८.१ | ८५.२ | ७१.७ |
| कर्णाली प्रदेश :– | ७६.१ | ८३.३ | ६९.४ |
| सुदूरपश्चिम प्रदेश :– | ७६.२ | ८५.४ | ६८.२ |

स्रोत :– राष्ट्रिय जनगणना-२०७८

तालिका २

| प्रदेश र जिल्ला | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| मधेश :– | ६३.५ | ७२.५ | ५४.७ |
| सप्तरी :– | ६७.७ | ७८.२ | ५७.५ |
| सिरहा :– | ६५.१ | ७४.८ | ५६.० |
| धनुषा :– | ६५.२ | ७४.६ | ५६.३ |
| महोत्तरी :– | ५९.८ | ६८.४ | ५१.५ |
| सर्लाही :– | ६०.३० | ६८.२ | ५२.३ |
| रौतहट :– | ५७.८ | ६६.० | ४९.५ |
| बारा :– | ६४.५ | ७३.१ | ५५.६ |
| पर्सा :– | ६९.१ | ७७.७ | ६०.० |

स्रोत :– राष्ट्रिय जनगणना-२०७८

सरसर्ती हेर्दा मधेशमा नतिजा सुधार भएकोजस्तो देखिए पनि गत शुक्रबार प्रकाशित एसइइको नतिजाले मधेशको शिक्षामाथि फेरि प्रश्न खडा गरेको छ। यो वर्ष एसइइको नतिजा समग्रमा गत वर्षको तुलनामा उल्लेखनीय सुधार भए पनि मधेश प्रदेशको उत्तीर्ण दर भने स्वाट्टै घटेको छ। प्रकाशित नतिजा अनुसार देशभरबाट ६२ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा मधेश प्रदेशमा २८ प्रतिशत विद्यार्थी मात्र उत्तीर्ण भए। (स्रोतः–राष्ट्रिय परिक्षा बोर्ड)

राष्ट्रिय परीक्षा बोर्डका अनुसार यो वर्ष मधेश प्रदेशबाट ५९ हजार ७ सय ४९ विद्यार्थीले परीक्षा दिएकामा १६ हजार ९ सय ७० विद्यार्थी मात्र पास भएका छन् भने बाँकी ४२ हजार ७ सय ७९ जना अर्थात् ७२ प्रतिशत 'ननग्रेडेड' भएका छन्। मधेश प्रदेशबाट गतवर्षमा ४७ प्रतिशतले एसइइ पास गरेका थिए भने यसवर्ष २८ प्रतिशत विद्यार्थी मात्र पास भएका छन्। यो तथ्याङ्कले मधेशको शिक्षा ओरालो लाग्दै गएको कुरा प्रष्ट हुन्छ।

एकातर्फ भौगोलिक दृष्टिकोणले पहाड र हिमालको भन्दा सम्पन्नतामा अब्बल देखिएको मधेश शैक्षिक साक्षरताको सम्पन्नताको तराजुमा भने कर्णाली प्रदेशभन्दा पनि तल छ। मधेशबाहेक अरु सबै प्रदेशमा एसइइको नतिजा ५० प्रतिशत भन्दा माथि भए पनि मधेश प्रदेशको शिक्षा भने खस्किँदै गएको छ। त्यसमा थुप्रै कारण र चुनौती होलान् तर प्रदेश सरकारले शिक्षामा सुधारका लागि खासै प्रभावकारी नीति भने ल्याउन नसक्नु मधेशको शिक्षा खस्किनुको विभिन्न कारणहरूमध्येको एक कारण हो। प्रदेश सरकारले शिक्षामा आमूल परिवर्तन ल्याउँछु भनेर भनिएका नारा प्रचारमै सीमित छ, बनाइएका ऐनको उचित कार्यान्वयन छैन र प्रदेश सरकारद्वारा सञ्चालित अभियान र कार्यक्रम भ्रष्टाचारमै लिप्त छन्।

मधेशको शिक्षा कुनैबेला उत्कृष्ट थियो। कुनै समय मधेशका शिक्षकले हिमाल तथा पहाडसम्म पुग्दै शिक्षा प्रदान गर्थे, आज मधेशकै शिक्षा यस्तो दयनीय अवस्थामा कसरी पुग्यो ? देशैभरि विज्ञान, गणित र अंग्रेजी शिक्षक मधेशबाटै परिपूर्ति हुन्थ्यो। मेडिकल र इन्जिनियरिङमा पनि मधेशी विद्यार्थीकै नाम अग्रस्थानमा हुन्थ्यो। तर मधेश प्रदेशको वर्तमान शैक्षिक अवस्था जर्जर र कहालिलाग्दो छ। मुलुक संघीयतामा गएपछि नेपालको संविधान अनुसूची–६ मा उच्च शिक्षा, प्रदेश विश्वविद्यालय र अनुसूची–८ मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार प्रदेश र स्थानीय तहलाई वर्गीकरण गरे पनि यसको प्रभावकारिता भने हालको एसइइको नतिजाले छताछुल्ल पारिसकेको छ। यसमा धेरै बहस आवश्यक छैन। प्रश्न त कहाँ छ भने, संघीयताको जननी मानिने मधेशमै संघीयता उचित कार्यान्वयन नहुँदा मधेशको शिक्षा खस्किनु पनि यसको कारण हो।

मधेश प्रदेशको साक्षरता दर अरू प्रदेशको भन्दा कम छ। मुलुकको समग्र साक्षरता दर ७६.२ प्रतिशत हुँदा मधेशको ६३.५ प्रतिशत मात्र छ। सबैभन्दा कम साक्षरता दर भएको जिल्ला मधेशको रौतहट हो जहाँ ५७.८ प्रतिशत मात्र छ। नेपालका ६६ जिल्ला र ४ प्रदेश पूर्ण साक्षर घोषित भए पनि मधेश प्रदेशको एउटा पनि जिल्ला साक्षर घोषणा भएको छैन। ७७ जिल्लामध्ये कम साक्षरता दर भएका ५ जिल्लामध्ये ४ वटा रौतहट, महोत्तरी, सर्लाही र बारा मधेशमै पर्छन्। (स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय,काठमाडौँ)

किन खस्कियो मधेशको शिक्षा ?

मधेशको शिक्षा खस्किनुमा राजनीतिक, सामाजिक र नीतिगत कारणमध्ये केही कारण केलाउने प्रयास गरिएको छ।

**राजनीतिक कारण**

१. राजनितिक दलका नेतृत्वकर्ता वा जनप्रतिनिधि मधेशको शैक्षिक तथ्यांकबारे बेखबर हुनु।

२. प्रदेश सरकारले शिक्षालाई प्राथमिकतामा नराख्नु। टोलपिच्छे भेटिने भव्य प्रवेशद्वार र विकास भनेको निर्माण कार्यलाई मात्र प्राथमिकता दिनु।

३. मधेश प्रदेश सरकारको महत्वकांक्षी योजनाको रुपमा सञ्चालित 'मुख्यमन्त्री बेटी पढाउ बेटी बचाउ' कार्यक्रम भ्रष्टाचारको अखडामा परिणत हुनु र संघीयता बदनाम गराउने काम मधेश सरकार स्वयम्ले गर्नु।

४.विद्यालय व्यवस्थापन समितिमा राजनीतिक दलका नेताको हालिमुहाली हुनु। अध्यक्ष बन्न लाखौँ खर्च हुनु, गोली चल्नु, मान्छे मार्नु र शिक्षक राजनीतिक दलका सक्रिय सदस्य भएर विषयवस्तुको बहस, छलफल कम र राजनीतिक गफगाफ बढी दिनु।

**सामाजिक कारण**

१. समाजमा जातीयताका आधारमा छुवाछुत, भेदभाव, लैङ्गिक असमानता, गरिबी र बालबिवाहका कारण शिक्षामा सबैको पहुँच नहुनु।

२. थुप्रै विद्यार्थीले एउटा विद्यालयमा पढ्दापढ्दै अर्को विद्यालयमा माथिल्लो कक्षाको परीक्षा दिने परिपाटी। निजी विद्यालयमा कक्षा लिने र एसइइ सामुदायिक विद्यालयबाट दिने चलन पनि बढेको। यसमा विद्यार्थी निकटका शिक्षक र समाजका अगुवाकै भूमिका सक्रिय देखिनु।

३. अभिभावकमा जनचेतना कमी। बोर्डिङ स्कुलमा पठाउँदा रेखदेख र विद्यार्थीलाई चाहिने आवश्यक सामग्रीमा परिपुर्ति गर्नु तर त्यही सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराएपछि अभिभावक आफ्नो जिम्मेवारीबाट पन्छिनु।

४. नेपालमा जति पढे पनि जागिर नपाउनु, नेपालमा केही छैन भन्ने भाष्य निर्माण हुनु र त्यसले गर्दा सर्टिफिकेटका लागि मात्र विद्यालयमा भर्ना हुनु र एसइइ, +२ पासपछि विदेश जाने परिपाटी फस्टाउनु।

५. 'छोरी जति पढे, बिहेमा उत्तिकै दाइजो दिनुपर्छ' भन्ने रुढीवादी परम्पराले छोरीलाई विद्यालय नपठाउनु पनि एक सामाजिक कारण हो।

**नीतिगत कारण**

१. २०२८ सालकै शिक्षा ऐनलाई टेकेर हिँड्दा नीतिहरू बाझिनु।

२. प्रदेश सरकारले शिक्षा क्षेत्रमा न्यून बजेट विनियोजन गर्ने परिपाटीलाई निरन्तरता दिनु।

३. शिक्षा प्रणाली समावेशी नहुनु। गलत इतिहास र आन्तरिक उपनिवेशवाद झल्को दिने गरी पाठ्यक्रम निर्माण गर्नु। र कुनै थर,जात, समुदाय विशेषको भाषा, भेषभूषा र संस्कृति र पहिचानलाई प्राथमिकता दिई समग्रतामा मान्यता दिनु र सबै समुदायमाथि अरुको भाषा लाद्नु।

४. भाषाको विकटताले नतिजामा फरकपन आउनु। नेपालमा नेपाली भाषापछि सबैभन्दा बढी बोलिने भाषा मैथिली हो। तराई–मधेशमा सबैभन्दा बढी बोलिने भाषा पनि मैथिली हो। मधेश प्रदेशमा मैथिली, भोजपुरी, अवधि, मगहि, हिन्दी, बज्जिकालगायत भाषा बोलिने गर्छन् त्यसकारण नेपाली भाषामा शिक्षण सिकाई र सहजीकरणमा समस्या हुनु र त्यसको परिणाम नतिजामा देखिनु।

५. अरु प्रदेशमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक बढी हुनु तर मधेश प्रदेशमा विद्यार्थीको संख्या अपेक्षाभन्दा बढी हुनु र शिक्षक दरबन्दी कम हुनु।

६. शिक्षक विद्यार्थी अनुपात शिक्षा नियमावली,२०५९ को नियम ७७ मा भएको व्यवस्थाअनुसार सामुदायिक विद्यालय शिक्षक र विद्यार्थीको अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ तर मधेश प्रदेशका माध्यमिक विद्यालयमा ९० विद्यार्थीको तुलनामा मात्र १ जना शिक्षकको दरबन्दी छ भने आधारभूत विद्यालयमा ६४ विद्यार्थीलाई एकजना शिक्षकले पढाउनुपर्ने बाध्यता रहेको छ।

**अन्य कारण**

१. एउटै शिक्षक निजी विद्यालय र सामुदायिक विद्यालयमा पढाउँदा फरक–फरक व्यवहार देखाउनु। अथवा सामुदायिक विद्यालयमा पढाउने वातावरण अनुकुल नहुनु।

२. परीक्षामा विद्यार्थीलाई चिट कसरी चोरी गर्ने भनेर शिक्षकले नै सिकाउँछन्। ती कुरा सिकाएको मा केही विद्यार्थीका अभिभावकहरु भने गर्व गर्छन्। र, परीक्षा केन्द्रमा विद्यार्थीभन्दा चिट पुर्याउनेको संख्या अधिक हुनु।

यसरी यी यावत् कारणले मधेशको शिक्षा खस्किएको छ। मधेशको शिक्षा खस्किनुमा राज्यसत्ता पनि उत्तिकै दोषी देखिन्छ। राज्यको दोधारे शिक्षा नीतिका कारण मधेशी मात्र होइन, आमनेपाली जनता मारमा परेका छन्। शैक्षिक माफियाको कब्जामा रहेका निजी शिक्षा क्षेत्रप्रति राज्य उदार देखिन्छ भने आफ्नो दायित्वप्रति उदाशीन। जसका कारण गरिबका छोराछोरी, पिछडिएको क्षेत्र, वर्ग, समुदाय पढ्नै नपाउने वातावरण निर्माण हुँदैछ। अर्कोतिर सरकारी शिक्षा केन्द्र बेरोजगार उत्पादन केन्द्रका रूपमा परिणत भइरहेका छन्।

जहाँसम्म मधेशको शिक्षाको सवाल छ, राज्यले नीतिगत ढंगले मधेशको शिक्षालाई कमजोर पार्दै आएको देखिन्छ। मधेशको शिक्षामा लगानी गर्न उदाशीन छ। विगतलाई नै केलाएर हेर्ने हो भने मधेशको उच्च शिक्षामा राज्यको लगानी न्यून छ। मधेशको ठूलाठूला नामी शैक्षिक संस्थामा राज्यले होइन कि त्यहाँका स्थानीयले लगानी गरेका हुन्। सप्तरीको विन्देश्वरी बहुमुखी क्याम्पस, सिरहाको मोरबैता बहुमुखी क्याम्पस, जनकपुरको आरआर क्याम्पस, वीरगंजको ठाकुरराम क्याम्पस, सबैमा स्थानीय मधेशी समाजसेवीकै लगानी छ। जहाँबाट लाखौँ विद्यार्थी शिक्षित भएका छन्। आज ती आंगिक क्याम्पसको अवस्था चिन्ताजनक छ। त्यसलाई जोगाउन राज्यसँग कुनै नीति र रणनीति छैन। झन समाप्त पार्न उद्यत देखिन्छ।

तर यति हुँदाहुँदै पनि खाली राज्यलाई दोष थुपारेर मधेशका राजनीतिक दल, युवा, विद्यार्थी, नागरिक समाज, बुद्धिजीबी, शिक्षक उम्कन मिल्दैन। किनकि मधेशका प्रायः स्कुलमा स्थानीय व्यक्ति नै हेडमास्टर र शिक्षक हुने तैपनि शिक्षाको गुणस्तर खस्किएको र सबै दोष राज्यलाई दिन मिल्दैन। हेडमास्टर, शिक्षक र विद्यालय व्यवस्थापन समिति गाउँघर, समाजकै मानिस भएकाले राज्यले उपलब्ध गराएको सेवासुविधा र स्रोतसाधनले पनि नमूना विद्यालय बनाउन सकिन्छ। जसका लागि चाहिन्छ केबल सकरात्मक सोच र ऊर्जा। मधेश हाम्रो हो। मधेशलाई हामीले पुनर्निर्माण गर्नुपर्छ। विद्यालयमा हाम्रा भावी सन्तति शिक्षादीक्षा लिइरहेका छन्। तिनीहरूको भविष्यसँग खेलवाड गर्नुहुँदैन। ती सबै हाम्रा अमूल्य सम्पत्ति हुन्। तिनको रक्षा गर्नुपर्दछ। स्कुल कलेजमा नियमित पठनपाठन गराउन शिक्षक, अभिभावक र राजनीतिकर्मीले सकारात्मक भूमिका खेल्न आवश्यक छ। तर हाल मधेश प्रदेश सरकार भने यसप्रति जिम्मेवार नदेखिएको प्रदेश सभा सांसद रामअशिष यादव बताउँछन्। उनका अनुसार महिला सशक्तिकरण र विद्यालयमा छोरीको उपस्थिति बढाउन सञ्चालन गरिएको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रम हालको सरकारले लथालिङ्ग बनाइदिएको छ। त्यस्तै, अर्को महत्वपूर्ण योजनाका रुपमा रहेको 'किशोरी शिक्षा विमा कार्यक्रम' पनि सुस्त पारिदिएको छ।

हुन त प्रदेश सरकार यसप्रति जिम्मेवार देखिएको छैन। किनकि लोकप्रिय कार्यक्रमलाई ठप्प पारेर वर्तमान सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयले शिक्षासम्बन्धी कामलाई जोड दिनुको साटो मठमन्दिर, मस्जिद, तालिम गोष्ठीमा करोडौँ बजेट राख्नुपर्ने औचित्य नै थिएन। केही दिनअघि मात्रै मधेश प्रदेशको शिक्षा मन्त्रालयले प्रथम राष्ट्रिय शिक्षा सम्मेलन २०८२ गरेको थियो तर त्यसको औचित्य भने आउने समयले नै बताउने छ। साथै, मधेश प्रदेश सरकार आफ्नो संस्थागत भूमिकाबाट बाटो बिराएको देखिन्छ। शिक्षा, स्वास्थ्य र रोजगारीमा अन्य प्रदेशको तुलनामा पछाडि परेको मधेशले आफ्ना नागरिकको जीवनस्तर सुधार गर्नु पर्ने बेला देखावटी सौन्दर्यकरणका नाममा करोडौँ रुपैयाँ खर्च गरिरहेको छ। मधेश प्रदेश सभा सचिवालय सौन्दर्यकरण अन्तर्गत प्रदेश सभा प्रवेशका लागि छुट्टाछुट्टै गेट निर्माण, सुरक्षा पोष्ट, प्रतिक्षालयलगायतका देखावटी काममा भने करोडौँ बजेट विनियोजन गरिएको छ। जसले संघीयता बदनाम गराउने काम र संघ सरकारकै रवैया जस्तो खर्च गर्ने होडमा लाग्दा जनता भने निराश भएका छन्।

शिक्षामा सकरात्मक परिवर्तन ल्याउन मधेश प्रदेश सरकारले विशेष ध्यान दिनु पर्ने हुन्छ। जसका लागि साक्षरता दर बढाउन मधेश प्रदेशले विशेष कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। अभिभावक र समुदायलाई शिक्षाको महत्वबारे सचेत पार्ने खालको कार्यक्रम ल्याउनु पर्छ। विद्यालय नजाने वा विद्यालय छोड्ने बालबालिकालाई पुनः विद्यालयमा ल्याउन 'फेरि विद्यालय जाऔँ' अभियान सञ्चालन गर्नुपर्छ। बालबालिकालाई समयमै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ। बालिकालाई विद्यालयमा भर्ना गराउन र निरन्तर शिक्षामा राख्न विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन आवश्यक छ। यसैगरी आधारभूत शिक्षा (कक्षा १–८) र माध्यमिक शिक्षा (कक्षा ९–१२) मा निःशुल्क शिक्षालाई प्रभावकारी ढङ्गले लागु गर्नु पर्छ। दलित, जनजाति, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति र तेस्रोलिङ्गी समुदायलाई लक्षित गर्दै समावेशी शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्छ। वयस्कलाई पढ्न, लेख्न र हिसाब गर्न सिकाउन 'वयस्क साक्षरता कक्षा' सञ्चालन गर्नु पर्छ। विद्यालय जान नसक्ने विद्यार्थीलाई लक्षित गरी खुला विद्यालय कार्यक्रम सञ्चालन गरी घरबाटै सिकाइको अवसर दिनु पर्छ। शिक्षासँगै व्यावसायिक सिप र तालिम प्रदान गरी रोजगारीको अवसर वृद्धि गर्न ढिला गर्नु हुँदैन। त्यसका लागि भने सबै मातहतका कर्मचारी र जनप्रतिनिधिहरु जनउत्तरदायी बन्नुपर्छ।

गुणस्तरीय शिक्षाका लागि शिक्षकलाई नियमितरूपमा प्रशिक्षित गर्ने र आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गर्नुपर्छ। डिजिटल शिक्षालाई प्रवर्द्धन गरी स्मार्ट कक्षा, अनलाइन शिक्षा र इलर्निङ प्लेटफर्मको उपयोगलाई विस्तार गर्नुपर्छ। विद्यालयमा भौतिक संरचना सुधार, शौचालय निर्माण, खानेपानीको व्यवस्था र छात्रमैत्री वातावरण सिर्जना गर्नुपर्छ। विद्यालयमा नियमित उपस्थित बालबालिकालाई पोषणयुक्त खाजाको व्यवस्था गर्ने वा अन्य प्रोत्साहन प्रदान गर्नुपर्छ। विद्यार्थीलाई पढाईसँगै खेलतर्फ आकर्षित गर्नुपर्छ। त्यसका लागि अभिभावकले शिक्षक समूहलाई साथ दिनुपर्ने आवश्यकता छ।

मधेश सरकाले शिक्षाका लागि केही नगरेको होइन तर अपेक्षित उपलब्धि हासिल गर्न भने चुकेको छ। मधेशमा लोकसेवा कार्यालय र मधेश कृषि विश्वविद्यालय खुलेका छन्, यसलाई सकारात्मक मान्नुपर्छ। वीरगंजमा मधेश विश्वविद्यालय खुलेको छ। अब वन विश्वविद्यालय र भाषा विश्वविद्यालय स्थापना गरिनुुपर्दछ। त्यसका लागि तीनवटै तहको सरकारबीच नीतिगत एकता र अग्रसरता तथा स्वयम् हाम्रो सकारात्मक र रचनात्मक भूमिका अपरिहार्य छ।

अन्त्यमा, मधेश प्रदेशलाई शैक्षिकरूपले माथि उकास्न मधेशको दुई बहुसंख्यक समुदाय १८ प्रतिशत दलित र १२ प्रतिशत मुस्लिमको शैक्षिक अवस्था उकास्न अति नै आवश्यक छ। हालसम्म यी दुई समुदायको शैक्षिक संस्थाको ढोकासम्म राम्रो पहुँच भएको छैन। अनि मात्रै मधेश प्रदेशलाई शिक्षित र समृद्ध बनाउन सकिन्छ।

अतः संघले आगामी आर्थिक वर्ष २०८२–८३ का लागि शिक्षा क्षेत्रमा २ खर्ब ११ अर्ब १७ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। यता मधेश प्रदेशले भने शिक्षा तथा संस्कृति मन्त्रालयतर्फ ३ अर्ब ५७ करोड रुपैयाँ विनियोजन गरिएको छ। साथै माध्यमिक शिक्षा परीक्षा (एसइइ) को सञ्चालन र व्यवस्थापन अब प्रदेश तहबाट गरिने भएको छ। मधेश प्रदेश सरकारले 'हर हाथ में सीप, हर घर में रोजगार, सीपयुक्त युवा, समृद्ध मधेश के आधार' अभियानलाई आत्मसात् गर्दै १ लाख रोजगारीको अवधारणालाई अगाडि बढाइने सरकारको लक्ष्य छ। बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्न तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न 'बच्चा के स्कुल पठाओ, साक्षरता के दीप जलाओ' नारा दिइएको छ भने शिक्षामै अर्को नारा छ, 'स्वस्थ समाजका लागि गुणस्तरीय शिक्षा।' सुन्दा खुशी लाग्यो तर पत्याउन गाह्रो छ। जति सुन्दर नारा छ त्यति सुन्दर कार्यान्वयन गर्न भने एकदमै चुनौती छ। त्यसैले भएभरको ऐन कानूनको उचित कार्यन्वयन गर्न सबै पक्षको एक्यवद्धता अपरिहार्य छ।

(महतो, काठमाडौँ स्कुल अफ ल मा अध्ययनरत छन्)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# नागरिक उड्डयन प्राधिकरणको संरचनागत सुधार अपरिहार्यः विज्ञहरु

**काठमाडौँ।**
मुलुकको हवाई क्षेत्रलाई व्यवस्थित, सुरक्षित र भरपर्दो तुल्याउन नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) लाई सेवालाई सेवाप्रदायक र नियामक निकायका रुपमा विभाजन गरिनुपर्ने यस क्षेत्रका विज्ञहरुले औंल्याएका छन।

प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सिंहदरबारमा बिहिवार भएको बैठकमा क्यानका पूर्वमहानिर्देशक सञ्जीव गौतमले हवाई सेवालाई सुरक्षित र व्यवस्थित तुल्याउन विद्यमान क्यानको संरचनालाई परिवर्तन जरुरी रहेको उल्लेख गरे।

गौतमले भने, 'क्यानको संरचनागत सुधारको विषय लामो समयदेखि उठिरहेको र पटक–पटक सरकारको नीति तथा कार्यक्रममा पनि समेटिएको थियो। अहिले यो करिब अन्तिम चरणमा पुगेको छ। विभाजन मात्रै ठूलो कुरा होइन एउटै छातामुनि भएपनि 'फङ्सनल सेपेरेसन' स्पष्ट हुनुपर्छ।'

पूर्वमहानिर्देशक गौतमले हालको संरचनामा क्यानले सेवा प्रदायकमा बढी फोकस भएको तर नियनमको पाटोलाई कम महत्व दिएकाले हवाई सुरक्षा प्रभावकारी हुन नसकेको उनको भनाइ थियो। उनले नयाँ संरचनामा विज्ञसमूह बनाउदा भरसक मन्त्रालयका सहसचिव भन्दा विज्ञहरुलाईनै प्राथमिकता दिएको खण्डमा प्रभावकारी हुने बताए।

हवाई विज्ञ डा दीपक बास्कोटाले हवाई सुरक्षा प्रणालीलाई बलियो बनाउन सेवाप्रदायक र नियामक निकायको रुपमा स्थापित गरिनुपर्नेमा जोड दिए। 'क्यान आइसोलेशनमा बस्न सक्दैन। संरचनागत सुधार अपरिहार्य देखिन्छ, त्यसका लागि विधेयकलाई समृद्ध बनाएर लैजानुपर्छ', उनले भने।

डा बास्कोटाले क्यानलाई छुट्टाछुट्टै निकायका रुपमा स्थापित गरेको खण्डमा युरोपेली सङ्घ (इयू)को 'सेफ्टी सूची' बाट हट्नेमा विश्वास व्यक्त गरे। इयूले नेपालको हवाई क्षेत्रलाई सन् २०१३ देखी सेफ्टी सूचीमा राखेको छ।

विधेयकमा सुझाव दिँदै विज्ञ बास्कोटाले नेपाल हवाई सेवा प्राधिकरण र एयरपोर्ट अथोरिटी अफ नेपाल राख्दा उपयुक्त हुने धारणा राखे। साथै उनले नेपाल हवाई सेवा प्राधिकरणअन्तगर्तको समितिमा कर्मचारीभन्दा पनि विज्ञहरुलाई राख्न सुझाव दिए।

समितिले नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ र नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ माथि विज्ञहरुसँग छलफल गरी राय सुझाव लिएको हो।

विस २०८१ माघ १९ गते प्रतिनिधिसभामा नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१ र नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०८१ दर्ता भएको थियो।

प्रतिनिधिसभामा दफावार भई विस २०८२ जेठ ४ गते विषयगत समितिमा दफावार छलफलका लागि पठाइएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले उक्त विधेयक अगाडि बढाएका हुन।

समितिका सदस्यहरुले हवाई सुरक्षालाई बलियो बनाउन के कस्ता उपायहरु अबलम्बन गर्न सकिन्छ भनेर विज्ञहरुसँगा जिज्ञाशा राखेका थिए। विज्ञहरुले विधेयकका प्राब्धान र समेट्नुपर्ने विषयमा समितिलाई प्रस्तुतिकरण दिएका थिए।

समितिका सभापति राजकिशोर यादवले मुलुकको हवाई सेवालाई व्यवस्थित र सुरक्षित बनाउन के कस्ता उपायहरु अपनाउन सकिन्छ र प्रतावित दुवै विधेयकमा समेट्नुपर्ने विषयबारे विज्ञहरुबाट रायसुझाव लिइएको बताए। उनले विज्ञ एवं सरोकारवालासँग छलफल सकेर चाँडै दफावार छलफलका साथ अघि बढाइने विश्वास व्यक्त गरे। समितिका सदस्यहरुले विधेयक चाडो टुङ्ग्याउनुपर्नेमा एकमत देखिएका थिए।रासस

# राස्वपाले संसदीय छानबिन समिति गठनको माग गर्ने

**काठमाडौँ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निजामती सेवा विधेयकमा 'कुलिङ पिरियड'बारे भएको हेरफेरप्रति आपत्ति जनाएको छ।

रास्वपाको बिहिवार बसेको पार्टी सचिवालयको बैठकले प्रतिनिधिसभाबाट पारित निजामती सेवा विधेयकमा समावेश कुलिङ पिरियडसम्बन्धी व्यवस्थामा भएको हेरफेरमा संलग्नको छानबिन गर्न संसदीय छानबिन समिति गठनको माग गर्ने निर्णय गरेको हो।

बैठकका निर्णयबारे जानकारी दिँदै प्रवक्ता मनिष झाले विधायिकी प्रक्रियामाथि चलखेल वा बदमासीपूर्ण गतिविधि असह्य र संसद्को गरिमा जोगाउने पक्षमा पार्टी स्पष्ट रहेको बताए। बिहिवार पार्टी केन्द्रीय कार्यालयमा बसेको बैठकमा आगामी कार्तिक २७ गते हुने रुपन्देही क्षेत्र नं ३ को उपनिर्वाचनमा उम्मेद्वार छनोटका विषयमा छलफल भएको थियो।

आगामी आइतबारको सचिवालय बैठकमा उम्मेद्वार छनोट कार्यविधि अनुमोदनका लागि प्रस्तुत गर्ने निर्णय गरेको छ। त्यसैगरी भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्ने र छानबिनका लागि सहजीकरणका लागि गृहमन्त्रीले राजीनामा दिनुपर्ने मागलाई यथावत् राख्दै संसद्मा चलिरहेको प्रतिरोधलाई निरन्तरता दिने निर्णय गरेको छ।

बैठकले पार्टीका केन्द्रीय विभाग सक्रिय बनाउने निर्णय गरेको छ। विभाग प्रमुखहरूले रिक्त पदपूर्ति र असार मसान्तसम्मको कार्यसम्पादन प्रतिवेदन आगामी साउन ७ भित्र पेस गर्न निर्देशन दिएको प्रवक्ता झाले जानकारी दिए। बैठकले केन्द्रीय सङ्गठन विभागमा तीन सदस्य मनोनीत गर्ने निर्णय गरेको छ। केन्द्रीय सङ्गठन विभाग सदस्यहरुमा प्रमीला भुसाल, मानकुमार लामा र सुशील अधिकारीलाई मनोनीत गरेको हो।रासस

# ललितपुर महानगरपालिका पूर्णखोप सुनिश्चित स्थानीय तह



**ललितपुर।**
ललितपुर महानगरपालिका पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा भएको छ। 'स्थानीय स्वामित्व र सहभागिताः पूर्णखोप सुनिश्चितता हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ बुधबार महानगरलाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा गरिएको हो।

जिल्लाका छ वटा स्थानीय तहमध्ये महानगर पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा हुने पाँचौ स्थानीय तह हो। यसअघि ललितपुरको दक्षिण पूर्वीभेगमा रहेको महाँकाल गाउँपालिकाले २०८२ वैशाख ३१ गते, काठमाडौँ उपत्यकाभित्रै पर्ने महालक्ष्मी नगरपालिकाले जेठ ११ गते, बागमती गाउँपालिकाले जेठ १३ गते र कोन्ज्योसोम गाउँपालिकाले जेठ ३१ गते पूर्णखोप सुनिश्चितता तथा दिगोपना स्थानीय तह घोषणा गरेको जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख डा भुवन पौडेलले जानकारी गराए।

पूर्णखोप सुनिश्चित स्थानीय तह घोषणा कार्यक्रममा मन्तव्य राख्दै महानगरप्रमुख चिरीबाबु महर्जनले ललितपुर महानगरले स्वास्थ्यकर्मी, कर्मचारी र जनप्रतिनिधिको सामूहिक प्रयासबाट स्वास्थ्य क्षेत्रमा उत्कृष्ट नतिजा हासिल गरेको बताए। 'हामीलाई नगरपालिका सङ्घले २९३ नगरपालिकामध्ये उत्कृष्ट भनेर पुरस्कृत गरिसकेको छ, जिल्ला जनस्वास्थ्य र विश्व स्वास्थ्य सङ्गठनबाट हामीले महत्त्वपूर्ण सहयोग पाइरहेका छौँ, हामी अत्यन्तै निगरानी गरेर यसलाई कायम राख्न तयार छौँ', उनले भने।

डा पौडेलले खोप अभियान स्वास्थ क्षेत्रको प्रभावकारी कार्य भएको बताए। उनले निरन्तर र प्रभावकारी काम गर्दै यसलाई दिगोरुपमा व्यवस्थापन गर्न आग्रह गरे। 'सबै वर्ग र क्षेत्रलाई समेटेर लैजानुपर्ने दायित्व स्थानीय सरकारको छ, पूर्णखोप सुनिश्चितता तथा दिगोपना सहज छैन, यो कठिन कार्यमा लाग्ने सबैले प्रशंसनीय काम गर्नुभएको छ, यसमा धन्यवाद भन्न चाहान्छु', उनले भने।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का प्रतिनिधि डा सागर शाक्यले पूर्ण खोप सुनिश्चितता घोषणासँगै दिगोपना कायम गर्न आग्रह गर्दै काठमाडौं महानगरपालिकाभन्दा पहिला नै घोषणा गर्न सफल भएकामा बधाइ दिए।

राष्ट्रिय खोप कार्यक्रम बाल मृत्युदर घटाउने अभिप्रायले लागू गरिएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम भएको जनस्वास्थ्य शाखा प्रमुख सरिता महर्जनले जानकारी गराए।

'राष्ट्रिय खोप कार्यक्रममा १५ महिना मूनिका बालबालिकाले क्षयरोग, रोटा, पोलियोमाइलाइटिस, न्यूमोनिया, मेनिन्जाइटीस, भ्यागुते रोग, लहरेखोकी, धनुष्टङ्कार, जापानिज इन्सेफालाइटिस, दादुरा, रुबेला र टाइफाइडसमेत १३ प्रकारका सरुवा रोगविरुद्धका खोप प्राप्त गरेको र गर्भवती महिला टीडी, धनुष्टङ्कार र भ्यागुते रोगविरुद्धको खोप प्राप्त गरिसकेको सुनिश्चित भएपछि पूर्ण खोप सुनिश्चित स्थानीय तह घोषणा गरिन्छ, जुन ललितपुर महानगरले सम्पन्न गरेको छ', उनले भने।

राष्ट्रिय स्तरमा २०३४ मा सुरु भएको खोप अभियानलाई अहिले दिगो विकास लक्ष्यको एउटा सूचक मानेर देशैभर स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेश र देशलाई नै पूर्णखोपयुक्त घोषणाको तयारीअनुसार काम भइरहेको छ। पूर्णखोप सुनिश्चितताका लागि तोकिएअनुसारका खोप प्राप्त गर्नु हरेक बालबालिकाको नैसर्गिक अधिकार भएको उहाँले जानकारी गराए।

सन् २०१५ मा नेपाललगायत संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रले अनुमोदन गरेका दिगो विकासका लक्ष्य हासिल गर्ने नीतिअनुरुप पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा अभियान देशैभर जारी रहेको छ।रासस

# कांग्रेस बैठकमा समसामयिक विषयमा छलफल जारी

**काठमाडौँ।**
नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको यही असार १६ देखि सुरू भएको बैठकमा केन्द्रीय सदस्यहरुले विभिन्न विषयमा आफ्ना धारणा राख्नेक्रम जारी छ। सभापति शेरबहादुर देउवाको सभापतित्वमा बसेको बैठकमा बिहिवार केन्द्रीय सदस्यहरू अर्जुननरसिंह केसी, सुरेन्द्रराज पाण्डे, ईश्वरी न्यौपाने, सीता गुरुङ, गोविन्द भट्टराई, चिनकाजी श्रेष्ठ, रामजनम चौधरी, आङ्गेलु शेर्पा, प्रदीपकुमार सुनुवार, डा रणबहादुर रावल, महेन्द्रकुमारी लिम्बू, सरस्वती बजिमय, सरस्वती अर्याल तिवारी, हरिशरण नेपाली, नागिना यादव, अजयबाबु शिवाकोटी, दिनेश कोइराला, सीता थपलिया (उर्मिला), कल्याणी रिजाल र लक्ष्मी खतिवडाले आआफ्नो धारणा राखे। विभिन्न विषयमा धारणा राख्नेक्रम जारी रहेकाले कार्यसमितिको बैठक शुक्रबार बिहान ११ बजे पार्टी केन्द्रीय कार्यालयमा पुनःबस्ने मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

बैठकमा पार्टीको १०० दिने अभियानका प्रतिवेदनहरु, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको निर्देशिका संशोधन, केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रतिवेदन, अनुशासन समितिको प्रतिवेदन, क्रियाशील सदस्यता नवीकरण प्रगति विवरण, केही भ्रातृ संस्थाबारे निर्देशक समितिको रायका आधारमा उपयुक्त निर्णय र नेपाली जनसम्पर्क समितिको व्यवस्थापन र विस्तार सम्बन्धमा केन्द्रीय सदस्यहरुले धारणा राखेका थिए।

कांग्रेसको शुभेच्छुक संस्थाका बारेमा, कार्यसम्पादन समिति बैठकको निर्णय अनुमोदन, जनप्रतिनिधि कार्यसम्पादन निर्देशिका पारित गर्ने सम्बन्धमा, संसद् र सरकारमा पार्टीको भूमिका प्रभावकारिता, समसामयिक विषयलगायत एजेन्डामा छलफल जारी छ।रासस

# 'नेपाली श्रमिकको स्वामित्व राज्यले लिनुपर्छ'

**ललितपुर।**
श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले विदेशी भूमिमा श्रम गर्ने नेपाली श्रमिकको स्वामित्व राज्यले लिनुपर्ने बताउनुभएको छ।

पौरखी नेपालद्वारा बिहिवार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले जुनसुकै माध्यमबाट विदेशी भूमिमा पुगेर काम गरिरहेका भए पनि ती नेपाली नागरिकको स्वामित्व राज्यले लिनुपर्ने बताए।

'नेपाली नागरिक विभिन्न माध्यमबाट कामका लागि विदेशी भूमिमा पुगेका छन्, कतिपय ठगिएर पुगेका छन, कतिपय अनौपचारिक माध्यमबाट गएर लुकेर लामो समयदेखि कागजातविहीन भएर बसेका छन, तिनीहरु सबैलाई कि त राज्यले नेपाली नै होइन भन्नुपर्‍यो, होइन भने स्वामित्व लिनुपर्छ', उनले भने।

मन्त्री भण्डारीले नेपालको श्रम तथा रोजगारी क्षेत्रमा देखिएका समाधानका लागि सवै पक्ष इमान्दार भएर लाग्नुको विकल्प नहरेको जिकिर गर्दै यसलाई व्यवस्थापन गर्न ढिलासुस्ती गर्न नहुनेमा जोड दिए।

'गाउँ रित्तो भयो, खाली भयो, गाउँमा बस्ने अवस्था भएन, भनेरमात्रै हुँदैन, जनशक्ति पलायनको क्रम रोखिएन, यी विषयमा गम्भीरतापूर्वक समीक्षा हुनुपर्छ, गाउँबाट मान्छेमात्रै पलायन भएका छैनन्, गाउँमा भएका सानोतिनो पुँजी पनि पलायन हुँदा झन रोजगारीको अभाव सृजना भएको हो', उनले भने।

मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जानेलाई श्रम स्वीकृति दिनुभन्दा श्रम अनुमति दिनुपर्ने बताए। 'श्रम स्वीकृति त गन्तव्य देशले जारी गर्ने हो, हामीले त काम गर्न जाने श्रमिकलाई श्रम अनुमति उपलब्ध गराउनुपर्छ। काम गर्न जाने कामदार तयार छन, कामका लागि लैजाने मुलुक तयार छन। अनि हामीले रोकेर रोकिन्छ ?', उनले भने।

उनले अहिले वैदेशिक रोजगारका नाममा एक नेपालीले अर्को नेपालीलाई ठग्ने गरेको घटनाप्रति चिन्ता व्यक्त गर्दै ठग, विचौलिया र एजेन्टलाई तह लगाउन एकद्वार प्रणालीमार्फत सेवा प्रदान गर्न मन्त्रालयले मेहनत गरिरहेको जानकारी गराए।रासस

# 'लोकतन्त्रको नाममा खसीको टाउको देखाएर कुकुरको मासु बेचिने स्थिति आयो'

**काठमाडौं।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले वर्तमान राजनीतिक अभ्यासप्रति कडा आलोचना गर्दै समाजवादको नाममा व्यक्तिवाद हाबी भएको बताएका छन्।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित दुर्गा नारायण ढकालको कृति समाजवादी दर्शनको रूपरेखा लोकार्पण कार्यक्रममा बोल्दै उनले समाजवादको नाम लिने तर व्यवहारमा व्यक्तिवादमा रमाउने प्रवृत्ति मौलाउँदै गएको टिप्पणी गरेका हुन्। उनले भने, 'पूँजीवाद र समाजवादको एउटा आधारभूत अन्तर भनेको पूँजीवाद व्यक्तिवादमा आधारित छ भने समाजवाद सामूहिकतामा आधारित दर्शन हो। तर आजभोलि व्यवहारमा व्यक्तिवादको प्रयोग गर्ने प्रवृत्ति हाबी भएको छ।'

संविधानमा उल्लेखित प्रगतिशील र लोकप्रिय मूल्यहरू उल्ट्याउने प्रयास भइरहेको उल्लेख गर्दै उनले लोकतन्त्रको नाममा जनताको विश्वासमाथि चलखेल भएको आरोप लगाए। उनले संविधानमा उल्लेख गरिएका मूल मान्यता र मूल्यहरूलाई इमान्दारीपूर्वक लागू गर्ने एउटा विचार र प्रवृत्ति भएको उल्लेख गर्दै त्यसको विरुद्धमा संविधानमै भएका उपलब्धिहरूलाई कमजोर पार्ने अभियान पनि चलिरहेको बताए।रासस

# मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी कानुन कार्यान्वयन फितलो

**काठमाडौं।**
संघीय संसदअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको बिहीबार बसेको ६० औँ बैठकमा मानव बेचबिखन तथा ओसारपोसारसम्बन्धी कानुन कार्यान्वयन र चुनौतीका विषयमा छलफल भएको छ।

बैठकमा समितिका सभापति किरणकुमार साहले मानव सभ्यता र संस्कृतिसँग जोडिएको मानव बेचबिखन अहिले गम्भीर समस्याको रूपमा देखा परेको बताए। उनले भने, 'हामीले कानुन त बनायौं, तर कार्यान्वयन पक्षमा चुनौति देखिन्छ। महिला दिदीबहिनीहरूलाई अन्य मुलुकमा अनैतिक रूपमा ओसारपोसार गरी बेचबिखन गर्ने कार्य अझै रोकिएको छैन।'

सभापति साहले भारत, कुवेत, इरान, दुबईलगायतका मुलुकमा नेपाली महिला बेचबिखनको शिकार भइरहेको बताए। हजारौं नेपाली नागरिकहरू त्यहाँ अलपत्र अवस्थामा रहेको उल्लेख गर्दै उनले समस्या समाधानका लागि गम्भीर ढंगले ध्यान दिनुपर्नेमा जोड दिए।

उनले भने, 'भारतलगायत कुवेत, इरान, दुबईलगायतका देशमा हाम्रा दिदीबहिनीहरु बेचबिखनका सिकार भएका छन्। यसलाई गम्भीर चासोको साथ हेर्नुपर्छ। विधायक बनाउँदाखेरि संवेदनशिल बन्नपर्छ।रासस

# नेकपा एसको सचिवालय बैठक स्थगित

**काठमाडौं।**
नेकपा एकीकृत समाजवादीको महासचिव घनश्याम भुसालको स्वास्थ्यमा समस्या आएपछि सचिवालय बैठक स्थगित भएको छ।

विहीबार केन्द्रीय कार्यालय आलोकनगरमा बसेको बैठकले महासचिव भुसालको स्वास्थ्यमा समस्यापछि स्थगित भएको हो। अर्को बैठक २२ गते ११ बजे बस्ने तय भएको छ।

आजको बैठकमा नेकपा एकीकृत समाजवादीकी स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीले आफ्नो कुरा राख्न समय माग गरेकी थिइन्।
रासस

# राज्यका नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता हुनुपर्छः नैनकला थापा

*नेपाल कम्युनिष्ट पार्टी (एमाले) राष्ट्रिय सल्लाहकार परिषद् सदस्य नैनकला थापा प्रतिनिधिसभाको समानुपातिक सांसद हुन । विसं २०३५ सालदेखि बामपन्थी राजनीति सक्रिय उनि राष्ट्रिय महिला आयोगको पूर्वअध्यक्ष हुन । करिव १७ वर्ष विद्यालयमा अध्यापन पेशामा संलग्न नेतृ थापाले केही समय पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्रीको जिम्मेवारी सम्हालेका छन । सांसद थापासँग राससका समाचारदाता सुशील दर्नालले उनको संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, देशको आर्थिक विकास, सङ्घीयता सुदृढिकरण र महिला अधिकारलगायत देशको समसामयिक विषयमा गर्नुभएको अन्तर्वार्ताको सम्पादित अंश :*



**माननीयज्यू, आजभोलि केमा व्यस्त हुनुहुन्छ ?**

–अहिले संसद्को बर्खे अधिवेशन चलिरहेको छ । सदनबाट भर्खरै सरकारको आगामी आर्थिक वर्ष २०८२÷०८३ को बजेट पारित भएको छ । केही समय बजेटमाथिको छलफलमा भाग लिएँ । अहिले सदनमा सङ्घीयता कार्यान्वयनसँग जोडिएका अति महत्वपूर्ण कानुन निर्माणको काम भइरहेको छ । म प्रतिनिधिसभा अन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समितिको सदस्य पनि छु । समितिमा अहिले 'नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन), २०८१' को सम्वन्धमा संशोधन प्रस्तावकर्ता सदस्यसँगको छलफल जारी छ । संसदीय गतिविधिसँगै पार्टीको दैनिककार्यमा सक्रियताका साथ भूमिका निर्वाह गर्दै आएकी छु ।

**अहिलेसम्म संसदीय अनुभव कस्तो रह्यो ?**

–संसदमा मेरो पहिलो अनुभव हो । संसद् कानुन निर्माण गर्ने थलो भएकाले पुराना कानुन र नयाँ विधेयक अध्ययन गर्ने एउटा मौका पनि मिलेको छ । जनताका समसामयिक विषयमा संसद्मार्फत सरकारलाई ध्यानाकर्षण गराउने काम भइरहेको छ । यसबीचमा मुख्य गरी कानुन कसरी तर्जूमा गरिन्छ भन्ने विषयमा सिक्ने अवसर पनि पाएँ । राज्य सञ्चालन र व्यवस्थापनका विषयमा पनि जान्ने र बुझ्ने अवसर पाएको छु । हामी सांसद आफैँ कानुनको विज्ञ होइन । अध्ययन गर्दै जाने र आफ्नो सुझाव दिँदै जाने हो । कानुन निर्माणका क्रममा गरिने अध्ययनले विचार निर्माणमा पनि सहयोग पुगेको छ । म राष्ट्रिय महिला आयोगको नेतृत्व पदमा रहेर काम गर्दा र जनप्रतिनिधि भएर काम गर्दा धेरै नै फरक पाएको छु । सांसद भइसकेपछि जनताको भावना र आवाजलाई पनि बुझ्नुपर्ने हुन्छ ।

**संसद्ले कानुन निर्माणमा कतिको तीव्रता दिएको पाउनु भएको छ ?**

–कानुन नभएको होइन । हामीसँग पुराना कानुन पनि थिए । अहिले पनि कतिपय क्षेत्रमा पुरानै कानुनबाट काम गरिएको छ । यद्यपी, पुराना कानुनलाई समयसापेक्ष बनाउने सवालमा कानुन निर्माणको माटोलाई तीव्रता दिएको छ । संसद्ले भर्खरै नागरिकतासम्वन्धी विधेयक र निजामती विधेयक पास गरेको छ । कानुन निर्माणको विषयमा अस्थिर सरकारले पनि प्रभाव पारेको छ । स्थिर सरकार नहुने तथा सरकार छिटो छिटो परिवर्तन हुँदा कानुन निर्माणमा प्रत्यक्ष प्रभाव पारेको छ । बजेट पनि सदबाटै पास गर्नुपर्छ । यी विभिन्न कारणले संसद्ले जति कानुन निर्माण गर्नुपर्ने हो, त्यति गर्न सकेको छैन ।

**संसद्मा उठेका जनताका सवाललाई सरकारले कत्तिको कार्यान्वयन गरेको पाउनु भएको छ ?**

–संसद्मा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित भएर आएका सांसद हुनुहुन्छ । उहाँहरुले आफू निर्वाचित क्षेत्रका विषयवस्तु उठाइरहनु भएको हुन्छ । उहाँहरुले शिक्षा, स्वास्थ्य, रोजगारी, महङ्गी, बर्खाको समयमा हुने बाढि, पहिरो र डुबानलगायत जनताका समसामयिक विषयलाई पर्याप्त मात्रामा उठाउनु हुन्छ । खासगरी शून्य, विशेष र आकस्मिक समयमा जनताका विषय उठाउनु गरिन्छ । सांसदले उठाएका सबै विषय सरकारले कार्यान्वयन गर्न सक्दैन । तरपनि सरकारले आफूले सक्ने जति कार्यान्वयन गरेको छ जस्तो लाग्छ । जस्तोः बाढी, पहिरोलगायत तत्काल गर्नुपर्ने काम सरकारले कार्यान्वयन गरेको छ । संसद्मा उठेका सम्वन्धित विषयवस्तुलाई प्रधानमन्त्री र मन्त्री आफैँ सहभागि भएर जवाफ पनि दिने गर्नुभएको छ ।

**अहिले बजेट सक्र भइरहेको असारे विकासलाई कसरी हेर्नुभएको छ ?**

–सरकारले विकास निर्माणका कामलाई प्राथमिकताका साथ अगाडि बढाइरहेको छ । पहिला सरकारले गरेको असारे विकासको काम जस्तो अहिले सरकारले गरेको छैन । २०७४ सालदेखि यताका सरकारले असारे विकासमा जोड दिएको जस्तो लाग्दैन । सरकारले असारे विकासका कामलाई घटाउँदै लगेको छ । अहिले आर्थिक वर्षको अन्तिम महिना असारमा होइन, आर्थिक वर्षको सुरुको महिना साउनबाट नै विकास निर्माणका काम भइरहेको छ । भदौ असोजदेखि नै सरकारले काम गरेको छ जस्तो मलाई लाग्छ । कतिपय सवालमा प्रक्रियागत हिसावले ढिला भएको हुन सक्छ । तर सजिलै गर्न सकिने काम सरकारले साउनदेखिनै सुरु गर्ने गरेको छ ।

**संविधान कार्यान्वयन कसरी भइरहेको छ जस्तो लाग्छ ?**

–संविधानका कतिपय अधिकार कानुन बनाएर कार्यान्वयन गर्नुपर्ने हुन्छ । कतिपय मौलिक हक अन्तर्गतका कानुन बनाउन बाँकी नै छ । खाद्य सम्पुरभूता र स्वास्थ्यलगायत धेरै कानुन बनाउन बाँकी छ । हामीले संविधान कार्यान्वयनसँगै राज्यको पुनःसंरचना गर्नुपर्ने छ । संविधान कार्यान्वयन र व्यवस्थापनबारे केही जटिलता छन् । जनताले केही पनि भएको छैन भनेर असन्तुष्टि जनाउनु पनि स्वाभाविक हो । तर, हामीले देशको राजनीतिक अवस्थालाई पनि विश्लेषण गर्नुपर्छ । सरकार परिवर्तनले संविधान कार्यान्वयनमा पारेको प्रभावलाई पनि जनताले बुझ्नुपर्छ । अर्को कुरा हामी सङ्घीयतामा छौँ । कतिपय सङ्घीय संरचना बन्न नसक्दा पनि संविधान कार्यान्वयनमा जटिलता थपिएको छ । सङ्घीयता अनुसारको संरचना बन्न सकेको छैन । पूर्वाधारको विकास नहुँदा पनि संविधान कार्यान्वयनमा समस्या भइरहेको छ ।

**महिलाको हकमा संविधान पूर्ण छ ?**

–संविधानमा महिलाको हकमा धेरै विषय समावेश छन् । पहिलेको तुलनामा अहिले महिलाको लागि संविधानले धेरै दिएको छ । महिलाको हकमा दक्षिण एसियाली मुलुकको तुलानामा हाम्रो संविधान उत्कृष्ट छ । हामीले राष्ट्रपति, सभामुख, उपसभामुख, मन्त्री, प्रधानन्याधीश, राष्ट्रियसभाको उपाध्यक्ष र पालिका प्रमुख महिला पाएका छौँ । समावेशिताको कारण नेपाल प्रहरी, नेपाली सेना र निजामतिमा पनि महिलाको सहभागिता बढ्दो छ । यो आफैमा एउटा उपलब्धी हो । संसद्मा ३३ प्रतिशत महिलाको सहभागिता छ । यसको मतलब महिलाको लागि यही नै पर्याप्त हो भन्ने होइन । महिलाले अधिकारको लागि अझै सङ्घर्ष गर्नुपर्ने छ । महिलाको सवालमा संविधानमा उल्लेखित कतिपय प्रावधान अझै कार्यान्वयन हुन सकेको छैन । राज्यका सबै निकायमा महिला नीति निर्माण तहमा नै अर्थपूर्ण सहभागिता हुनुपर्छ ।

**लैङ्गिक समानताका लागि के गर्न सकिन्छ ?**

–पहिलाको तुलनामा अहिले महिला सक्रिय छन् । दश वर्ष पछाडि फर्केर हेर्ने हो भने महिलाको अवस्था नाजुक नै थियो । महिला घरपरिवार सञ्चालनको सानो घेरामा थिए । लैङ्गिक समानताका लागि महिला आफूले आफूलाई हरेक हिसावले विकास गर्नुपर्छ । पहिलो कुरा महिला आर्थिक रुपमा बलियो हुनुपर्छ । आत्मनिर्भर बन्नुपर्छ । अर्को भनेको महिला शैक्षिक रूपमा पनि अब्बल बन्नुपर्छ । राजनीतिक पार्टीभित्र आफ्नो आफ्नो अधिकारको निम्ति लड्न सक्नुपर्छ । संसद् र सडकमा पनि महिला सक्रिय हुनुपर्छ । समानताका लागि पार्टीको तल्लो तहबाटै महिलाको सहभागितालाई प्राथमिकता दिनुपर्छ । पायो भने महिलाले राज्यको कार्यकारी पद प्रधानमन्त्री पनि चलाउन सक्छ । तर त्यो अवसर राजनीतिक पार्टीले दिनुपर्छ । समानता लागि राज्यले महिलामा लगानी गर्नुपर्छ । जति महिला आत्मनिर्भर हुन्छन, त्यति नै महिला सुरक्षित हुन्छन् ।

**वैदेशिक रोजगारीमा विदेश गएका कतिपय महिला अहिलेपनि अलपत्र अवस्थामा छन नि ?**

–रोजगारीमा विदेश गएका महिलाले पठाएको विप्रेषणबाट देशलाई फाइदा भएको छ । तर उनीहरु अलपत्र हुँदा राज्यले वेवास्ता गर्न हुँदैन । हामी सामाजिक सञ्जालमा पनि कति महिला विदेशमा अलपत्र भएको खबर सुनिरहेका हुन्छौँ । उनीहरुलाई जादै नजाउ भन्न सकिँदैन । तर सरकारले लिगल बाटोबाट पठाउने व्यवस्था गर्नुपर्छ । विदेश पठाउनुभन्दा पहिला उनीहरुलाई सिपयुक्त बनाएर मात्र पठाउनुपर्छ । विदेशमा गएर अलपत्र परेका महिलालाई उद्दार गरिनुपर्छ । सरकारले आफ्ना नागरिकको संरक्षण गर्नुपर्छ । सुरक्षा दिनुपर्छ । सिप नहुँदा पनि विदेश गएका महिला र पुरुष दुवै समस्यामा पर्ने गरेका छन् । उनीहरुले श्रमअनुसारको पारिश्रमिक पनि पाएका छैनन् । त्यसलै वैदेशिक रोजगारीमा जाने युवा युवतिलाई सरकारले योग्य बनाएर मात्रै पठाउनुपर्छ । सरकारले अहिले युवा स्वरोजगारका कार्यक्रम पनि ल्याएको छ । त्यसमा धेरैभन्दा धेरै युवाको सहभागिता गराउनुपर्छ ।

**सङ्घीयतालाई अझै सुदृढ बनाउन के गर्नुपर्छ ?**

–सङ्घीयताको सवालमा समिक्षा गर्नुपर्ने बेला आएको छ । अहिलेको सङ्घीयतालाई देशको आर्थिक स्रोत्साधनले धान्न सक्छ कि सक्दैन भन्नेबारे निर्मम समीक्षा गर्नुपर्छ । यति सानो देशमा यति धेरै प्रदेश आवश्यक हो वा होइन ? सङ्घ र प्रदेशमा यति धेरै सांसद र मन्त्रालयको सङ्ख्या आवश्यक हो वा होइन ? भन्ने बारे गहिरो गरी समिक्षा गर्नुपर्छ । त्यसपछि मात्रै सङ्घीयतालाई सुदृढ बनाउन सकिन्छ । जनताले सङ्घीयता महङ्गो भयो पनि भनिरहेको अवस्था छ । हामीले पनि विचार गर्नुपर्छ । नेताहरुले सङ्घीयताबारे राम्रोसँग अध्ययन गरेनन भने भोलि समस्या पनि हुन सक्छ । आम्दानीको स्रोत बढाउनु पर्‍यो । हामीले उत्पादन गर्न सकेका छैनौँ । आम्दानीको स्रोत छैन, संरचना ठूलो भयो । अहिले देश ऋणमा छ । जुनसुकै बेला देशमा आर्थिक सङ्कट आउन सक्ने अवस्था छ । नेपाल 'ग्रे लिष्ट' परेको छ । नेपालका खेतबारी सबै बाँझा छन् । मानिस धेरै विलासितामा पनि केन्द्रित छन् ।

**देशलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन के गर्नुपर्ला ?**

–देशलाई आर्थिक रूपमा बलियो बनाउन उत्पादनमा जोड दिनुपर्छ । हाम्रो कच्चा पदार्थ भएको देश हो । पर्याप्त कलकारखाना/उद्योग छैन । जमिनलाई प्रयोगमा ल्याउन सकेका छैनौँ । सरकारले कृषिलाई व्यापक बनाउनुपर्छ । हामीसँग भएको प्रयाप्त पानीको सदुपयोग गर्नुपर्छ । विजुली निकाल्ने अनि बेचेर आर्थिकरुपमा आत्मनिर्भर हुन सकिन्छ । पर्यटन क्षेत्रको विकास र विस्तारसहित सही व्यवस्थापन गरिनुपर्छ । विदेशी लगानीको लागि वातावरण बनाउनुपर्छ । राजनीतिक पार्टी र पार्टीका नेताले आफ्नो लागिभन्दा पनि देशको लागि सोच्नुपर्छ ।

**अन्त्यमा, जनतालाई तपाईंको सन्देश के छ ?**

–देशमा प्रचुर सम्भावना छ । देश बनाउन सकिन्छ । देश समृद्धिको दिशामा अगाडि बढेको छ । विकासका कामले गति लिएको छ । त्यसैले केही भएको छैन भन्ने सोच होइन, गर्छौं र गर्न सकिन्छ भन्ने सोचका साथ अगाडि बढ्नुपर्छ । नेपालमै धेरै सम्भावना छ । ३०४० हजार कमाउन विदेशनै जानुपर्छ भन्ने छैन ।रासस

# 'राज्यले मलाई साङ्केतिक रुपमा प्रयोग गरेर नागरिकको मुख बन्द गर्न खोज्यो'

**काठमाडौं ।**
पत्रकार दिलभूषण पाठकले राज्यले साङ्केतिक रुपमा प्रयोग गरेर सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न गर्न रोक लगाउन खोजेको बताएका छन् ।

बिहीबार २५ हजार धरौटीमा छाड्न अदालतले आदेश दिएपछि नेपाल न्यूज बैंकसँगको विशेष कुराकानीमा उनले आफूलाई प्रयोग गरेर तमाम नागरिक समाज अथवा सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न नगर, तिमीहरुको हैसियत छैन् भन्ने जमर्को गरेको बताएका हुन् ।

उनले भने,'एउटा दिलभूषण पाठकलाई साङ्केतिक रुपमा प्रयोग गरेर तमाम नागरिक समाज अथवा सिंगो पत्रकारिता जगतलाई राज्यमाथि प्रश्न नगर, तिमीहरुको हैसियत छैन् भन्न खोजेको हो ।'

त्यस्तै उनले समाचारसँग चित्त नबुझ्ने पक्षले प्रसारणकर्तालाई प्रत्यक्ष संवाद गरेर त्रुटिवस भएका गल्तीहरु सच्याउने ठाउँ हुँदाहुँदै अभियोग लगाउनु र तर्साउने उद्देश्य भएको टिप्पणी गरे ।न्याय क्षेत्रमा लागेका तमाम मानिसहरुले यो एउटा मुद्दा नागरिकको अभिव्यक्ति संकुचना गर्ने अथवा तिनको मुख बन्द गर्ने प्रयत्न भएका धारणा राखेको उनको भनाइ थियो । उनले आफूले पनि यस मुद्दालाई त्यसरी नै बुझेको बताए ।

उनले भने,'समाचारसँग चित्त नबुझ्ने पक्षले प्रसारणकर्तालाई प्रत्यक्ष संवाद गरेर त्रुटिवस भएका गल्तीहरु सच्याउने ठाउँ हुँदाहुँदै कसैलाई यो अभियोग लगाउनु तर्साउने उद्देश्य नै हो । न्याय क्षेत्रमा लागेका तमाम मानिसहरुले गरेको प्रश्न यो एउटा मुद्दा नागरिकको अभिव्यक्ति संकुचना गर्ने अथवा तिनको मुख बन्द गर्ने प्रयत्न हो ।'

पत्रकार पाठकले सार्वजनिक पदमा बस्ने मानिसहरु नागरिकका प्रश्नको जवाफ दिन तयार हुनुपर्ने, सार्वजनिक पदमा बस्ने मानिसहरुले आफ्नो सम्पत्ति सार्वजनिक गर्न थालेभने यस्तो खालको आक्षेपहरु लाग्न बन्द हुने आशयले आफूले भिडियो बनाएको स्पष्ट पारे । तर सो कन्टेन्टलाई नीजि औजारका रुपमा प्रयोग गरेर आफू माथि आक्रमण गर्ने प्रयास भएको उनको भनाइ छ ।

# ऐन नसच्याए चालकहरुले नै नेपालको जेल भरिन सक्ने !

**काठमाडौं ।**
सरकारले ल्याउन लागेको सवारी तथा यातायात व्यवस्था ऐन २०८१ मा भएको कानुनी प्रावधानले यातायात मजदुरहरुलाई पार्ने असरबारे नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले बसपार्क आधारित अन्तरक्रिया गरेको छ ।

विहीबार भक्तपुरको ब्रह्मायणी बसपार्क च्यामासिं र बुढानिलकण्ठ बसपार्कमा चालक, परिचालक संघ, संगठनका नेताहरुले भेटघाट गरी ऐनमा भएको व्यवस्था र संगठनले प्रस्तुत गर्ने सुझावका विषयमा अन्तरक्रिया गरेको हो ।

सवारी तथा यातायातको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ मार्फत ल्याउन लागेको सवारी तथा यातायात व्यवस्था ऐन २०८१ को दफा ६३ रहेको ज्यान मारेमा हुने सजाय सम्बन्धी उपदफा–२ चालकहरु प्रतिकुल रहेको र त्यसलाई सच्याउन नसकिए चालकहरुले नेपालको जेल भरिने अवस्था आउने संगठनका अध्यक्ष भीमज्वाला राईले जानकारी दिए ।

उक्त दफामा लापरबाही भन्ने शब्दावली भएपनि त्यसलाई परिभाषित गर्दै लापरबाहीका कन्डिसनहरु उल्लेख गरेर सुझाव पठाइएको र कैद सजाय तीन वर्षदेखि १० वर्षसम्म भन्ने उल्लेख भएकाले त्यसलाई समेत बढीमा १० वर्षसम्म भन्ने सुझाव पठाइएको राईले बताए ।

त्यस्तै दफा ६४ मा रहेको अङ्गभङ्गमा समेत श्रमिक प्रतिकुल व्यवस्था गरिएकाले त्यसलाई समेत परिमार्जनका लागि संशोधन तयार गरिएको अध्यक्ष राईले जानकारी दिए ।

त्यस्तै चालक बन्न चाहिने लाइसेन्स लिने प्रकृयामा समेत आठ कक्षा उतिर्ण गर्नुपर्ने व्यवस्था रहेकाले यसलाई संशोधन गर्दै मान्यता प्राप्त ड्राईभिङ स्कुलमा तालिम लिएको प्रमाणपत्र पेश गर्नुपर्ने सुझाव गरिएको राईले जानकारी गराए ।

त्यस्तै चालकका लागि ६० वर्ष उमेरहदलाई ६५ वर्ष बनाइनुपर्ने समेत सुझाव दिइएको राईले बताए ।

सोही क्रममा भेटघाटसंगैं सदस्यतापत्र वितरण तथा नविकरण पनि सम्पन्न भएको छ ।

मजदुरहरुलाई बसपार्कमै पुगेर भेटघाट गरिएको समयलाई सदुपयोग गर्दै नेपाल यातायात स्वतन्त्र मजदुर संगठन र जिफन्टको सदस्यहरुको सदस्यतापत्र नविकरण तथा मजदुरहरुलाई नयाँ सदस्यता वितरण गरिएको छ ।

बुढानिलकण्ठका १३६ सदस्यहरुको सदस्यतापत्र नविकरण गरिएको छ । त्यस्तै १५ वटा नयाँ सदस्यता वितरण गरिएको नेपाल यातायात स्वतन्त्र मजदुर संगठन बागमती प्रदेश सचिव शिवकुमार श्रेष्ठले जानकारी गराए । त्यस्तै ब्रह्मायणी बसपार्कमा २३ जना मजदुरहरुलाई संगठनको सदस्यता वितरण गरिएको श्रेष्ठले बताए ।

# उपभोक्ता अदालतको फैसलाप्रति चिकित्सकहरु आक्रोशित

**काठमाडौं ।**
नेपाल चिकित्सक संघले उपभोक्ता अदालतको विषयमा सम्पूर्ण सरोकारवालाहरूसँग बृहत छलफल गरेको छ ।

विहीबार काठमाडौंमा विभिन्न अस्पतालका प्रमुखहरू, एसोसिएसन अफ प्राईभेट मेडिकल एण्ड डेन्टल कलेज, अफिन, विभिन्न सोसाइटीहरू, चिकित्सक समाज र आवासीय चिकित्सकलगायत सम्पूर्ण सरोकारवालाहरूसँग छलफल गरेको हो ।

उपचार प्रक्रियामा भएको लापरबाहीका कारण बिरामीको ज्यान गएको तथा पीडित परिवारलाई थप मर्का परेको भन्दै परेका उजुरीमाथि अदालतले चिकित्सक तथा अस्पतालहरूलाई करोडौँ क्षतिपूर्ति तिराउने फैसला गरेपछि चिकित्सकहरूले विरोध जनाएका छन् । यसै विषयमा चिकित्सक संघले छलफल चलाएको हो ।

उपभोक्ता अदालतका यी फैसलाले अस्पताल र चिकित्सकहरूलाई हतोत्साहित बनाएको नेपाल चिकित्सक संघको दाबी छ ।

नेपाल मेडिकल एशोसियशनको महासचिव डा.सन्जिव तिवारीले स्वास्थ्य प्रक्रिया भनेको एउटा जटिल प्रक्रिया भएको भन्दै बिरामीहरुले अपरेशन गरेको ठाँउमा घाउको खत देखियो भनेको भरमा डाक्टरलाई क्षतिपूर्ती तिराउने कुरा सहि नभएको भन्दै यसमा विमति भएको बताए ।

उनले भने, 'नेपाल सरकारले प्रत्येक पेशाको लागि न्यायिक अंग खडा गरेको छ । पेशामा भएको विषय सम्बन्धित काउन्सिलले हेर्ने हो । छलेर ढुङ्गा मिसाएर चामल बेचेको जस्तो ठग्ने काम गरेको होइन् । स्वास्थ्य प्रक्रिया भनेको एउटा जटिल प्रक्रिया हो । अपरेशन गरेको ठाँउमा घाउको खत देखियो भनेर डाक्टरले क्षतिपूर्ती दिनुपर्यो भन्न मिल्दैन ।'

साथै, नेपाल अर्थोपेडिक एशोसिएशनको वरिष्ठ उपाध्यक्ष प्राध्यापक डा.दिपक कुमार दत्तले नेपाल मेडिकल काउन्सिलको सल्लाहबिना उपभोक्ता अदालतले लिएको निर्णय गलत भएको बताए ।

उनले भने, 'उपभोक्ता अदालतले नेपाल मेडिकल काउन्सिलको सल्लाह नलिइकन जुन निर्णय गरेको छ, जुन डाक्टरमाथि अन्याय भएको छ, त्यस विषयमा हामी छलफलमा जुटेका हौं ।

यस्ता विषयमा विज्ञ काउन्सिलले छानबिन गरेर मात्र गरोस भन्ने हाम्रो माग हो ।'

# अतिरिक्त विशिष्ट श्रेणीको पद निजामती विधेयकबाट हटाउन आजपाको माग

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)ले तल्लो तहमा काम गर्ने श्रेणीविहिन कर्मचारीहरुको माग सम्बोधन गर्नका लागि राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाललाई ज्ञापनपत्र बुझाएको छ । प्रतिनिधि सभाबाट पारित 'संघीय निजामती सेवा विधेयक २०८२' मा श्रेणीविहीन कर्मचारीलाई प्रवेश निषेध गरेपछि आजपाले विरोध जनाएको हो । आजपाले काठमाडौंको सिंहदरबारमा बिहीबार राष्ट्रिय सभाका अध्यक्ष दाहाललाई ज्ञापनपत्र बुझाएको हो । आजपा प्रवक्ता चन्द्रभुषण साहको नेतृत्वमा गएको टोलीले बुझाएको ज्ञापनपत्रमा श्रेणीविहीन कर्मचारीहरूको सम्पूर्ण अधिकार सुनिश्चित गर्न गराउन विधेयकमा आवश्यक संशोधन गर्नुपर्ने माग गरेको छ । ज्ञापनपत्र बुझाईसकेपछि सञ्चारकर्मीसंग कुरा गर्दै प्रवक्ता साहले निजामती विधेयकमा भएको लुटीको नैतिक जिम्मेवारी सभामुख देवराज घिमिरेले लिनुपर्ने बताए । प्रतिनिधिसभाबाट सो विधेयक पारित भएकाले त्यसको नैतिक जिम्मेवारी सभामुखले लिएर मार्गप्रसस्त गर्नुपर्ने उनले बताए । निजामती विधेयकमा आवश्यक बिषय नभएको र अनावश्यक बिषय जबरजस्ती राखिएको बताउदै सो बिधेयक समेत रोक्नुपर्ने माग प्रवक्ता साहले गरेका छन् ।

समानताको मौलिक हक अनुरूप सामाजिक न्यायलाई आत्मसात गर्दै विधेयकमा आवश्यक संसोधन गर्नुपर्ने, ५८ वर्षको उमेर हदलाई ६० वर्ष पुर्याउनुको आवश्यक्ता र औचित्य पुष्टि गर्नुपर्ने, कुलिङ् पिरियड सम्बन्धी व्यवस्थामा भएको स्वार्थपूर्ण छेडछाडमा संलग्न दोषीहरूमाथि कारबाही गर्नुपर्ने, अतिरिक्त विशिष्ट श्रेणी सम्बन्धी व्यवस्थाको औचित्य पुष्टि गरी पदावधि निश्चित गर्नुपर्ने लगायतका माग आजपाले गरेको छ । 'यस न्यायोचित मागहरुको उपेक्षा गर्दा देश र जनतामा चरम अविश्वास, असन्तुष्टि, आक्रोश र अशान्तिको स्थित बढ्ने सम्भावना अधिक छ । यसर्थ, हामी विश्वास गर्छौं कि राष्ट्रिय सभाको गरिमामय भूमिकाले यस विषयमा न्यायोचित हस्तक्षेप गर्नेछ,' आजपाले बुझाएको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । प्रतिनिधि सभाले पारित गरेको संघीय निजामती सेवा विधेयकले सरकारी सेवाको तल्लो तहमा काम गर्ने श्रेणीविहीन कर्मचारीहरूलाई निषेध गरी देशको शासनप्रक्रियाबाट आम नागरिकको सहभागिता र स्वामित्व अन्त्य गर्ने दुस्प्रयास गरिएकोप्रति आजपाले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

यो विपन्न श्रमजीवी वर्गप्रतिको विभेदपूर्ण कार्य असंवैधानिक र गरिब विरोधी रहेको ठहर आजपाको छ । 'यसरी राज्य सञ्चालनको मूल आधार निजामती सेवाको तल्लो तहमा काम गर्ने कर्मचारीहरूको योगदानलाई नकार्नु एवं विभेद गर्नु भनेको अमानवीय, अन्यायपूर्ण र देशको सामाजिक न्यायप्रतिको गम्भीर प्रहार हो । त्यसैगरी, कुनै औचित्य र आवश्यकताको आधार बिना नै ५८ वर्षको उमेर हदलाई ६० वर्ष पुर्याउनु तथा अनावश्यक रूपमा सेवा अवधि निर्धारण बिना नै अतिरिक्त विशिष्ट श्रेणी खडा गर्नु आफैंमा विरोधाभाषपूर्ण एवं आपतिजनक छ,' आजपाले भनेको छ । आजपाले अतिरिक्त विशिष्ट श्रेणीको पद समेत निजामती विधेयकबाट हटाउन माग गरेको छ । विधेयकको कुलिङ पिरियड सम्बन्धी व्यवस्थामा स्वार्थ समुहको ईशारामा अनाधिकृत रुपमा छेडछाड गर्ने गराउने हर्कत सिङ्गो देश, जनता, संसदीय सर्वोच्चता र प्रणालीप्रतिको प्रहार रहेकोले यसलाई कुनैपनि बहानामा समान्य र स्वभाविक मान्न नसकिने आजपाको निष्कर्ष छ । गरिब र वंचित वर्गलाई प्रताडित गर्ने, संविधानको मूलभूत सिद्धान्तहरूलाई उपेक्षा गर्ने र जनआकांक्षा विपरीत कार्य गर्ने सरकार, सांसद र उच्चपदस्थ प्रशासकहरुको जालझेल एवं षड्यन्त्रपूर्ण रवैयाप्रति आम जनताको आक्रोश बढदै गएको छ । आजपाको ज्ञापनपत्र बुझ्दै राष्ट्रिय सभाका अध्यक्ष दाहालले थप छलफलका लागि समितिमा पठाउने बताए ।

आजपा प्रवक्ता साह, नेताहरु रञ्जु साह, बिजय यादव, मिनादेवी साह, चन्द्रिकालाल साह लगायतको सहभागिता रहेको आम विद्यार्थी मोर्चाका केन्द्रीय सदस्य धिरेन्द्र साह (प्रभात)ले जनाएका छन् ।

# ऐतिहासिक मणिमण्डप क्षेत्र आधुनिक स्वरूपमा परिणत हुँदै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको मणिमण्डप क्षेत्रको सौन्दर्यीकरण कार्य अन्तिम चरणमा पुगेको छ । नेपाल सरकारको १८ करोड ९१ लाखभन्दा बढीको लागतमा सञ्चालन भएको यस परियोजनाअन्तर्गत मणिमण्डपसहित पाँच वटा स्थानमा निर्माण कार्य सम्पन्न हुँदै गएको हो । शहरी विकास तथा भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद यादवका अनुसार मणिमण्डप क्षेत्रको निर्माण कार्य ९५ प्रतिशत पूरा भइसकेको छ । जनकपुरधाम उपमहानगरपालिका–१३ मा अवस्थित मणिमण्डपलाई विश्वभरिका हिन्दुहरूको वैवाहिक गन्तव्य स्थलका रूपमा विकास गर्ने उद्देश्यसहित यो आयोजना अघि बढाइएको हो । नवनिर्मित मणिमण्डप प्यालेस भवनमा ७० जनासम्म अट्ने सभा हल र २१ वटा कोठा रहेका छन् ।साथै, २ वटा सुविधा सम्पन्न धर्मशाला (२४ कोठाको), विवाह मण्डप र २ वटा पवेलियन निर्माण गरिएको छ । करिब साढे तीन विघा क्षेत्रफलमा फैलिएको मणिमण्डप क्षेत्रको सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि जनकपुरधाम उपमहानगरपालिकालाई हस्तान्तरण गरिने जनाइएको छ । काठमाडौंस्थित रविना कन्स्ट्रक्सनले निर्माणको ठेक्का पाएको यस आयोजना २०७४÷७५ आर्थिक वर्षदेखि शरू भएको हो । हाल असारभित्र नै सम्पन्न गर्ने गरी अन्तिम चरणको काम तीव्र गतिमा भइरहेको जानकारी निर्माण पक्षका इन्जिनियर निर्मल कुमार यादवले दिएका छन् । सडक, ढल, गार्डेनसहितका सम्पूर्ण पूर्वाधार निर्माणपछि मणिमण्डप क्षेत्र धार्मिक–सांस्कृतिक पर्यटनको आकर्षण बन्ने र स्थानीय आम्दानीको स्रोतका रूपमा विकास हुने विश्वास छ ।

# अल्पसंख्यक समुदायसँग प्रहरीको संवाद

**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्ला प्रहरी कार्यालय महोत्तरीले अल्पसंख्यक समुदायसँग प्रत्यक्ष संवाद र विश्वास निर्माण गर्ने उद्देश्यले 'अल्पसंख्यकसँग प्रहरी' नामक कार्यक्रम सम्पन्न गरेको छ । बिहीबार जलेश्वर नगरपालिका–६ स्थित धवौली मुसहर टोलमा आयोजित कार्यक्रममा ५३ जना स्थानीय महिला र पुरुषको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा प्रहरी निरीक्षक नन्द किशोर प्रसाद चौहानको नेतृत्वमा ७ सदस्यीय प्रहरी टोली सहभागी थियो । प्रहरी चौकी भिठ्ठामोडका प्रहरी नायब निरीक्षक होम बहादुर भित्तीकोटी समेत टोलीमा संलग्न थिए । स्थानिय वडाध्यक्ष रविन्द्र प्रसाद साह लगायत जनप्रतिनिधिहरूको पनि उपस्थिति रहेको कार्यक्रममा समुदायका प्रतिनिधिहरूसँग प्रत्यक्ष संवाद गरिएको थियो । संवादका क्रममा सहभागीहरूले नागरिकता नपाएको, शिक्षाको पहुँच कमजोर रहेको र विगतमा संस्थागत सुनुवाइ भएपनि समस्याको स्थायी समाधान नपाएको गुनासो गरे । प्रहरी निरीक्षक चौहानले समस्याहरूको दीर्घकालीन समाधानका लागि सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गर्ने प्रतिबद्धता जनाए । साथै उनले घरेलु हिंसा, बालविवाह, बहुविवाह, मदिरा दुरुपयोगजस्ता सामाजिक विकृतिबाट बच्न सचेत रहन आग्रह गरे । कार्यक्रमले स्थानीय प्रशासन, सुरक्षा निकाय र अल्पसंख्यक समुदायबीच पारस्परिक विश्वास बढाउने र समाजमा सहकार्यको वातावरण बनाउने विश्वास गरिएको छ ।


मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
फोन नं.: ०४१-५९०४१४
E-mail: mohp.madhesprovince@gmail.com

**स्तर वृद्धिका लागि निवेदन माग गर्ने सम्बन्धी सूचना।**

सूचना प्रकाशन मिति:-२०८२/०३/१८

प्रदेश निजामती सेवा ऐन,२०७७ को दफा ४० बमोजिम स्तर वृद्धिका लागि यस स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा र मातहतका कार्यालय तथा अन्तर्गतको निकायमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरले स्तर वृद्धिका लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र स्वास्थ्य सेवा समूहका पाँचौ, छैठौं, सातौं र आठौं तहमा स्तर वृद्धि हुने योग्यता पुगेको उम्मेदवारहरुले यस मन्त्रालयको Website: www.mosd.p2.gov.npमा उपलब्ध फारम पछिसम्म फरक नपर्ने गरी भरी यस मन्त्रालयमा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि स्तर वृद्धि समितिको मिति २०८२/०३/१२को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

देहाय:

- प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ७७ को उपनियम (२) अनुसारको सेवा अवधि २०८१ आषाढ मसान्तसम्म पुगेको प्रमाण खुल्ने कागजात (सुरु नियुक्ति पत्र, स्तर वृद्धि पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि र आवश्यक अन्य कागजातहरु),
- पछिल्लो दुई आ.व.को. का.स.मू भएको हुनुपर्ने,
- मधेश प्रदेशमा समायोजन भएका कर्मचारीको हकमा मात्र यो लागु हुनेछ।


# सुनचाँदी व्यवसायी आन्दोलित, कर संरचना खारेजीको माग

**प्रमोद सहनी**
**मकवानपुर ।**
सरकारले आर्थिक वर्ष २०८२÷८३ को बजेटमार्फत सुनचाँदी तथा बहुमूल्य रत्नजडित गरगहना उद्योगमाथि लागू गरेको नयाँ कर संरचनाको विरुद्धमा देशभरका सुनचाँदी व्यवसायीहरू आक्रोशित बनेका छन् । मूल्य अभिवृद्धि कर (भ्याट) सहित अन्य थप करका प्रावधानले व्यवसाय नै धराशायी हुने खतरा रहेको भन्दै मकवानपुर सुनचाँदी व्यवसायी संघले विरोध कार्यक्रमको घोषणा गरेको हो । मकवानपुर सुनचाँदी व्यवसायी संघले नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेशलाई औपचारिक पत्र पठाउँदै कर खारेजी माग गर्दै सशक्त आन्दोलनको चेतावनी दिएको छ । संघका महासचिव राजकुमार रसाइलीद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, '९० लाखभन्दा माथिका गरगहनामा मात्र लाग्ने भनिए पनि व्यवहारमा सबै तहका ग्राहक र व्यवसायी प्रभावित हुने गरी कर प्रणाली ल्याइएको छ । बजेटको यो व्यवस्था व्यवसायविरोधी र सर्वसाधारणको पहुँचबाट सुनचाँदी टाढा बनाउने खालको छ ।' संघले ११ प्रतिशत मूल्य अभिवृद्धि कर र २ प्रतिशत विशेष कर खारेज गर्न माग गर्दै बृहत् विरोध सभा आयोजना गर्न लागेको हो । संघका अनुसार आज बिहान ९ बजे हेटौंडास्थित मकवानपुर सुनचाँदी व्यवसायी संघको कार्यालयमा हुने विरोध कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघ बागमती प्रदेशका अध्यक्षलाई समेत आमन्त्रण गरिएको छ । संघका महासचिव राजकुमार रसाइलीद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, 'बजेटले प्रस्ताव गरेको कर संरचना पूर्णरूपमा व्यवसायविरोधी छ । ९० लाख रुपैयाँभन्दा माथिका गहनामा मात्र कर लाग्ने भनिए पनि व्यवहारमा सबै तहका ग्राहक र व्यवसायी प्रभावित हुनेगरी कर लागू गरिएको छ ।' संघका अनुसार नयाँ कर संरचनाअनुसार सुनचाँदीका गरगहनामा १५ प्रतिशतभन्दा बढी कर भार पर्नेछ । यसले सर्वसाधारणको पहुँचबाट सुनचाँदी टाढा बनाउने, वैधानिक व्यवसायलाई क्षति पुर्याउने र तस्करी तथा कालोबजारीजस्ता अवैध गतिविधि बढ्ने जोखिम रहेको संघको दाबी छ । संघले भारततर्फ सुनको मूल्य सस्तो भएकाले नेपालमा अत्यधिक करका कारण मूल्य अन्तर बढ्ने र सीमावर्ती क्षेत्रहरूमा अवैध कारोबार फस्टाउने सम्भावना रहेको चेतावनी दिएको छ । 'नेपालमा करसहित सुनको मूल्य प्रतितोला ५ हजार रुपैयाँसम्म महँगो पर्दा भारतको २.२५ प्रतिशत करमा आधारित बजारसँग प्रतिस्पर्धा गर्न सकिन्न,' पत्रमा उल्लेख गरिएको छ । संघले सुनचाँदीलाई केवल व्यापारिक वस्तु नभई नेपाली समाजको धार्मिक, सांस्कृतिक र परम्परागत मूल्यसँग गाँसिएको विषयको रूपमा लिन सरकारसँग आग्रह गरेको छ ।




विवाह, पूजाआजा, संस्कार तथा धार्मिक कार्यमा सुनचाँदीको प्रयोग अपरिहार्य रहेको भन्दै संघले यसमाथिको करले निम्न तथा मध्यम वर्गलाई प्रत्यक्ष असर पार्ने दाबी गरेको छ । संघले चेतावनी दिँदै भनेको छ, 'बजेटले लादेको कर प्रणाली व्यवसायको अस्तित्व नै संकटमा पार्ने खालको छ । संविधानले प्रत्याभूत गरेको व्यवसाय गर्ने स्वतन्त्रतालाई करको नाममा हनन गर्न पाइँदैन । कर संरचना व्यवसायमैत्री हुनुपर्छ ।' संघले सरकारलाई तत्काल संवादका लागि पहल गर्न आग्रह गर्दै बजेट पुनरावलोकनको माग गरेको छ । माग सुनुवाइ नभए देशव्यापी आन्दोलन र व्यवसाय बन्दजस्ता चरणबद्ध संघर्षका कार्यक्रम अघि बढाइने संघले जनाएको छ । यससँगै सुनचाँदी व्यवसायीहरूको विरोध तीव्र बन्दै गइरहेको छ भने बजारमा समेत यसको असर देखिन थालेको छ । सरकारको कर नीतिविरुद्ध सुनचाँदी व्यवसायीहरूको आक्रोश थप चुलिँदै गएको छ ।


"मेलमिलापद्वारा विवादको समाधान, जनकपुरधाम उप-महानगरपालिका न्यायिक समितिको अभियान"

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**न्यायिक समितिको अधिकारक्षेत्र**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) बमोजिम देहायको विवाद निरुपण गर्ने अधिकार हुनेछ :**

(क) आलीधुरी, बाँधपैनी, कुलो वा पानी घाटको बाँडफाँड, तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजदुरी नदिएको,
(ङ) घरपालुवा पशुपंछी हराएको वा पाएका,
(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैया सम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा
(झ) अन्य व्यक्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी, झारेको,
(ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्तष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको बाधा पुऱ्याएको,
(ड) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य

**त्यस्तै, दफा ४७ (२) अनुसार देहायको विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र निरुपण गर्ने अधिकार हुनेछ :**

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकको हकको जग्गा अकासे चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,
(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,
(ङ) गाली बेइज्जती,
(च) लुटपिट,
(छ) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फयाँकी छिमेकीलाई असर पुऱ्याएको
(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद।



किशोरी साह
उपप्रमुख

जनकपुधाम उप-महानगरपालिका
न्यायिक समिति
जनकपुरधाम, धनुषा, मधेश प्रदेश


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन